# करैयामाई गाउँपालिका

## करैया, बारा


स्थानीय राजपत्र

खण्ड ३, संख्या ११ मिति २०७६/०२/२०


भाग-१

# करैयामाई गाउँपालिका सहकारी ऐन, २०७६

## प्रस्तावना

सहकारी मूल्यमान्यता, सिद्धान्त र उत्तम अभ्यास अनुरूप स्थानीय स्तरमा छरिएर रहेको पूँजी, प्रविधि तथा प्रतिभालाई स्वाबलम्बन र पारस्परिकताका आधारमा एकीकृत गर्दै सदस्यहरूको आर्थिक, सामाजिक तथा साँस्कृतिक उन्नयन गर्न, समुदायमा आधारित, सदस्य केन्द्रित, लोकतान्त्रिक, स्वायत्त र स्वशासित संगठनको रूपमा सहकारी संघ, संस्थाहरूको प्रवर्द्धन गर्न, कृषि, शिक्षा, स्वास्थ्य, उद्योग, वस्तु तथा सेवा व्यवसायका माध्यमबाट सामाजिक न्यायका आधारमा आत्मनिर्भर, तीव्र एवम् दिगो रुपमा स्थानीय अर्थतन्त्रलाई सुदृढ तुल्याउन सहकारी संघ, संस्थाहरुको दर्ता, सञ्चालन एवम् नियमन सम्वन्धी व्यवस्था गर्न वाञ्छनीय भएकोले
नेपालको संविधानको अनुसूचि ८ र ९ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११. ख. मा उल्लेख भएका कामहरु गर्न गराउन नेपालको संविधानको धारा २२६ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ (१) वमोजिम करैयामाई गाउँपालिका सहकारी ऐन, २०७६ बनाएको छ ।

संविधानको धारा २२६ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा १ बमोजिम करैयामाई गाउँपालिकाको गाउँ सभाले न्यायिक समितिको कारवाही किनारा कार्यविधी ऐन २०७६ पारित गरेकोछ।

### परिच्छेद-१
### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ:**

१) यस ऐनको नाम करैयामाई गाउँपालिका सहकारी ऐन, २०७६ रहेको छ ।

२) यो ऐन गाउँ सभा वाट पारित भई गाउँपालिकाको राजपत्रमा प्रकाशित भएपछि प्रारम्भ हुनेछ ।

**२. परिभाषा: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,**



१) "गाउँपालिका" भन्नाले करैयामाई गाउँपालिका सम्भनुपर्छ ।
२) "कार्यपालिका" भन्नाले करैयामाई गाउँपालिकाको कार्यपालिका सम्झनुपर्छ ।
३) "अध्यक्ष" भन्नाले यस करैयामाई गाउँपालिकाको अध्यक्ष सम्झनुपर्छ।
४) "उपाध्यक्ष" भन्नाले करैयामाई गाउँपालिकाको उपाध्यक्ष सम्झनुपर्छ।
५) "वडा अध्यक्ष" भन्नाले करैयामाई गाउँपालिकाको वडा अध्यक्ष सम्झनुपर्छ ।
६) "कार्यपालिका सदस्य" भन्नाले करैयामाई गाउँपालिकाको कार्यपालिकाको सदस्य सम्झनुपर्छ। सो शब्दले गाउँपालिकाको अध्यक्ष, उपाध्यक्ष, वडा अध्यक्ष समेतलाई वुझाउछ ।
७) "सभा सदस्य" भन्नाले करैयामाई गाउँपालिकाको गाउँ सभा सदस्य सम्झनुपर्छ । सो शब्दले गाउँपालिकाको अध्यक्ष, उपाध्यक्ष, वडा अध्यक्ष, कार्यपालिका सदस्य समेतलाई वुझाउछ ।
८) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतको रुपमा काम गर्ने कर्मचारी सम्झनुपर्छ ।
९) "कार्यालय" भन्नाले करैयामाई गाउँपालिकाको कार्यपालिकाको कार्यालय सम्झनुपर्छ। सो शब्दले कार्यपालिका मातहतका कार्यालयहरु समेतलाई वुझाउछ ।
१०) "विषयगत शाखा" भन्नाले करैयामाई गाउँपालिकाको कार्यपालिका अन्तरगतको बिषयगत शाखा, उपशाखा वा इकाईलाई सम्झनुपर्छ ।
११) "वडा सचिव" भन्नाले करैयामाई गाउँपालिकाको वडा कार्यालयको प्रशासकीय प्रमुखको रुपमा कामकाज गर्न तोकिएको वडा सचिव/कर्मचारी सम्झनुपर्छ ।
१२) "वडा समिति" भन्नाले करैयामाई गाउँपालिकाको वडा समितिहरु सम्झनु पर्छ ।
१३) "समन्वय समिति" भन्नाले यस ऐन अन्तरगत दफा ७४ बमोजिम वनेको करैयामाई गाउँपालिकाको सहकारी समन्वय समितिलाई जनाउछ ।

१४) "आन्तरिक कार्यविधि" भन्नाले सहकारी संघ, संस्थाले दफा २१ बमोजिम बनाएको आन्तरिक कार्यविधि सम्झनुपर्छ।

१५) "कसुर" भन्नाले दफा ८६ बमोजिमको कसूर सम्झनुपर्छ।

१६) "परिवार"भन्नाले सदस्यको सगोलमा रहेका पति वा पत्नी, छोरा, बुहारी, छोरी, धर्मपुत्र, धर्मपुत्री, बाबु, आमा, सौतेनी आमा, हजुर बुबा, हजुर आमा, र आफूले पालन पोषण गर्नु पर्ने दाजु, भाउजु, भाइ, बुहारी र दिदी, बहिनी सम्झनुपर्छ । (तर सो शब्दले अंशबण्डा गरी वा मानो छुट्टिई आ(आफनो पेशा व्यवसाय गरी बसेको परिवारको सदस्यलाई जनाउने छैन)

१७) "बचत"भन्नाले सदस्यले सहकारी संघ, संस्थामा जम्मा गरेको रकम सम्झनुपर्छ।

१८) "मन्त्रालय"भन्नाले सहकारी सम्बन्धी विषय हेर्ने संघीय तथा प्रदेश मन्त्रालय सम्झनुपर्छ।

१९) "रजिष्ट्रार"भन्नाले संघीय रजिष्ट्रार सम्झनु पर्छ।

२०) "विनियम"भन्नाले सम्बन्धित सहकारी संघ, संस्थाको दफा २० बमोजिम बनाएको विनियम सम्झनुपर्छ।

२१) "विभाग"भन्नाले सहकारी विभाग सम्झनुपर्छ र सो शब्दले मन्त्रालयले सहकारी नियमन गर्न तोकेको महाशाखा समेतलाई जनाउँछ।

२२) "शेयर"भन्नाले सहकारी संघ, संस्थाको शेयर पूजीको अंश सम्झनुपर्छ।

२३) "सञ्चालक"भन्नाले सहकारी संघ, संस्थाको सञ्चालक समितिको सदस्य सम्झनुपर्छ र सो शब्दले समितिको अध्यक्ष, उपाध्यक्ष, सचिव र कोषाध्यक्ष )पदाधिकारीहरु) समेतलाई जनाउँछ।

२४) "सदस्य"भन्नाले सहकारी संघ, संस्थाको सदस्यता प्राप्त गरेका व्यक्ति सम्झनुपर्छ।

२५) "सञ्चालक समिति"भन्नाले दफा ३४ बमोजिमको सञ्चालक समिति सम्झनुपर्छ।

२६) "लेखा सुपरीवेक्षण समिति"भन्नाले दफा ४१ बमोजिमको लेखा सुपरीवेक्षण समिति सम्झनुपर्छ।



२७) "सहकारी मूल्य"भन्नाले स्वावलम्वन, स्व(उत्तरदायित्व, लोकतन्त्र, समानता, समता, ऐक्यवद्धता, इमान्दारी, खुलापन, सामाजिक उत्तरदायित्व तथा अरुको हेरचाह लगायत अन्तर्राष्ट्रिय मान्यता प्राप्त सहकारी सम्बन्धी मूल्य सम्झनुपर्छ।

२८) "संस्थाको व्यवसाय"भन्नाले विनियममा व्यवस्था भए बमोजिम सञ्चालित व्यवसायिक क्रियाकलाप सम्झनुपर्छ।

२९) "सहकारी सिद्धान्त"भन्नाले स्वेच्छिक तथा खुला सदस्यता, सदस्यद्वारा लोकतान्त्रिक नियन्त्रण, सदस्यको आर्थिक सहभागीता, स्वायत्तता र स्वतन्त्रता, शिक्षा, तालीम र सूचना, सहकारी(सहकारी बीच पारस्परिक सहयोग र समुदायप्रतिको चासो लगायत अन्तर्राष्ट्रिय मान्यता प्राप्त सहकारी सम्बन्धी सिद्धान्त सम्झनुपर्छ।

३०) "संस्था" भन्नाले दफा ३ बमोजिम गठन भई दफा ९. १) बमोजिम दर्ता भएको विषयगत वा बहुउद्देश्यीय सहकारी संस्था सम्झनुपर्दछ।

३१) "संघ" भन्नाले दफा ४ र दफा ५ बमोजिम गठन भई दफा ९. १) बमोजिम दर्ता भएको करैयामाई गाउँपालिकाको विषयगत वा बहुउद्देश्यीय सहकारी संघ, संस्था सम्झनुपर्दछ।

३२) "साधारण सभा"भन्नाले सहकारी संघ, संस्थाको साधारण सभा सम्झनुपर्छ।

३३) "प्राथमिक पूंजी कोष"भन्नाले शेयर पूँजी र जगेडा कोष सम्झनुपर्छ।

३४) "दर्ता गर्ने अधिकारी" भन्नाले दफा ७२ बमोजिमको दर्ता गर्ने अधिकारी सम्झनुपर्दछ।

३५) "संघीय कानून" भन्नाले संघीय सरकारले जारी गरेको सहकारी ऐन,कानूनलई सम्झनुपर्छ।

३६) "प्रदेश कानून" भन्नाले प्रदेश सहकारी ऐन, कानूनलाई सम्झनु पर्छ।

३७) "पदाधिकारी" भन्नाले सहकारी संघ, संस्थाका अध्यक्ष, उपाध्यक्ष, सचिव, कोषध्यक्ष (पदाधिकारीहरु) एवं सञ्चालक समिति सदस्यहरु सम्झनु पर्छ। सो शब्दले सञ्चालक समिति तथा लेखा समिति संयोजक एवं सदस्यहरु समेतलाई जनाउछ।

३८) "तोकिएको"वा "तोकिए बमोजिम"भन्नाले यस ऐन अन्तर्गत बनेको नियमावली, कार्यविधि, निर्देशिकामा तोकिएको वा तोकिए बमोजिम सम्भनुपर्छ ।

## परिच्छेद-२

## सहकारी संघ, संस्थाको गठन तथा दर्ता

**३. सहकारी संस्थाको गठन:**

१) कम्तीमा तीस जना नेपाली नागरिकहरु आपसमा मिली विषयगत वा वहुउद्देश्यीय सहकारी संस्था गठन गर्न सक्नेछन् ।

२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि श्रमिक, युवा लगायतले आफ्नो श्रम वा सीपमा आधारित भइ व्यवसाय गर्ने सहकारी संस्थाको हकमा पन्ध्र जना नेपाली नागरिकहरु भए पनि सहकारी संस्था गठन गर्न सक्नेछन् ।

३) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तहको अनुदान वा स्वामित्व वा स्विकृतीमा संचालित विद्यालय, विश्वविद्यालय वा संगठित संस्थाबाट पारिश्रमिक पाउने पदमा वहाल रहेका कम्तीमा एकसय जना कर्मचारी, शिक्षक वा प्राध्यापकहरुले आपसमा मिली प्रचलित कानून बमोजिम दर्ता भएको आफनो पेशागत संगठनका आधारमा सदस्यता, प्रतिनिधित्व र सेवा सञ्चालनमा तोकिए बमोजिमका शर्त बन्देजहरु पालना गर्ने गरी संस्था गठन गर्न सक्नेछन् । तर एकसय जनाभन्दा कम संख्या रहेको एउटै कार्यालयका कम्तीमा तीस जना कर्मचारी, शिक्षक वा प्राध्यापकहरुले आपसमा मिली सदस्यता, प्रतिनिधित्व र सेवा सञ्चालनमा तोकिए बमोजिमका शर्त बन्देजहरु पालना गर्ने गरी सहकारी संस्था गठन गर्न सक्नेछन् ।

४) यस ऐन बमोजिम सहकारी संस्था गठन गर्दा एक परिवार एक सदस्यका दरले उपदफा (१) वा (२)मा उल्लिखित संख्या पुगेको हुनु पर्नेछ । तर संस्था दर्ता भइसकेपछि एकै परिवारका एकभन्दा बढी व्यक्तिले सो सहकारी संस्थाको सदस्यता लिन बाधा पर्ने छैन ।



५) उपदफा १) २) र ३) मा जुनसुकै कुरा लेखिएको भए तापनि बचत तथा ऋणको कारोवार गर्ने सहकारी संस्था गठन गर्दा यस गाउँपालिकाको कम्तीमा ५० जना नेपाली नागरिकहरुको सहभागिता हुनु पर्नेछ ।

**४. सहकारी संघको गठन**

१) सहकारि व्यवसायको विकास, प्रवर्द्धन र वजारिकरण लगायतका कार्य गर्न दफा ३ बमोजिम दर्ता भई कार्यरत रहेका कम्तीमा ५ वटा विषयगत संस्थाहरु आपसमा मिली आफ्नो विषयको विषयगत सहकारी संघको गठन गर्न सक्नेछन ।

२) सहकारी व्यवसायको विकास, प्रवर्धन र बजारीकरण लगायतका कार्य टेवा पुऱ्याउन दफा ३ वमोजिम दर्ता भई कार्यरत रहेका कम्तीमा १० वटा फरक फरक सहकारी संस्थाहरु वा कम्तीमा ३ वटा विषयगत सहकारी संघ वा १ विषयगत सहकारी संघ र कम्तीमा ७ वटा फरक फरक सहकारी संस्थाहरु आपसमा मिली करैयामाई गाउँपालिका सहकारी संघगठनगर्न सक्नेछन ।

३) सहकारी व्यवसायको विकास, प्रवर्द्धन र वजारिकरण लगायतका कार्यमा टेवा पुऱ्याउन दफा ३ र ४ वमोजिम करैयामाई गाउँपालिकामा दर्ता भई कार्यरत रहेका सहकारी संघ, संस्थाहरुले संघीय तथा प्रदेश कानूनको अधिनमा रही जिल्ला विषयगत सहकारी संघ, जिल्ला सहकारी संघ, प्रदेश विषयगत सहकारी संघ, प्रदेश सहकारी संघ, केन्द्रिय विषयगत सहकारी संघ, केन्द्रीय/राष्ट्रिय सहकारी संघ र राष्ट्रिय सहकारी महासंघमा सदस्य हुन सक्नेछन ।

४) उपदफा ३) वमोजिम सदस्य हुने तथा काम कारबाही सम्वन्धमा संघीय तथा प्रदेश कानूनमा तोकिए बमोजिम हुनेछ ।

**५. विशिष्ठिकृत सहकारी संघको गठन**

१) दफा ३. वमोजिम करैयामाई गाउँपालिकामा दर्ता भएका कम्तीमा ३ वटा सहकारी संघ, संस्थाहरु मिली कृषि व्यवसाय, फलफुल प्रशोधन, जडिवुटी प्रशोधन, चिनी उद्योग, शीत भण्डार, अस्पताल,

विद्यालय/शिक्षालय, प्रविधिक शिक्षालय, प्रयोगशाला, वैकल्पिक उर्जा, रासायनिक मल कारखाना, आवासिय परियोजना, यातायात, भारी कृषी उपकरण आदि जस्ता ठुला आवश्यकताका वस्तु वा सेवाको परिपुर्ती गर्न करैयामाई गाउँपालिकाको विशिष्टिकृत सहकारी संघको गठन गर्न सकिनेछ । यो पूर्ण रुपमा व्यवसायिक हुनेछ, कुनै संघ, महासंघमा चुन्ने चुनिने अधिकार रहने छैन ।

२) उपदफा १) वमोजिम गठित विशिष्टीकृत सहकारी संघको सञ्चालन तथा व्यवस्थापनको विशेष व्यवस्था प्रचलित कानून वमोजिम गाउँपालिकाले तोके बमोजिम हुनेछ ।

**६. सहकारी संघ गठन हुन नसक्ने:**

दफा ४ मा जुनसुकै कुरा लेखिएको भएपनि एकै प्रकृतीको एकभन्दा वढी करैयामाई गाउपालिका विषयगत सहकारी संघ र एकभन्दा वढी गाउँपालिका सहकारी संघ गठन गर्न सकिने छैन ।

**७. दर्ताकोलागि दरखास्त दिनु पर्ने:**

१) यस ऐन बमोजिम गठन भएका सरकारी संस्था, करैयामाई गाउँपालिकाको विषयगत सहकारी संघ र करैयामाई गाउँपालिकाको सहकारी संघले दर्ताकालागि गाउँ कार्यपालिका समक्ष अनुसूचि (१ को ढाँचामा आवेदन दिनु पर्नेछ ।

२) उपदफा (१) बमोजिमका दरखास्त साथ देहाय बमोजिमका कागजातहरू संलग्न गर्नु पर्नेछ:-

(क) सहकारी संघ, संस्थाको प्रस्तावित विनियम,

(ख) सहकारी संघ, संस्था सञ्चालनको सम्भाव्यता अध्ययन प्रतिवेदन,

(ग) सदस्यले लिन स्वीकार गरेको शेयर संख्या र शेयर रकमको विवरण,

(घ) अनुसूचि (१ मा तोकिएका अन्य विवरण,

**८. दर्ता गर्नु पर्ने:**

१) दफा ८ को उपदफा १) र २) बमोजिम प्राप्त आवेदन सहितको कागजातहरु छानविन गर्दा देहाय बमोजिम भएको पाइएमा दर्ता गर्ने



अधिकारीले गाउँपालिकाको अध्यक्ष स्तरीय निर्णयमा आवेदन परेको मितिले १ (एक) महिनाभित्र त्यस्तो सहकारी संघ, संस्था दर्ता गरी अनुसूचि (२ को ढाँचामा दर्ता प्रमाणपत्र दिनु पर्नेछ:

(क) दरखास्त साथ पेश भएको विनियम यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम रहेको,

(ख) प्रस्तावित सहकारी संघ, संस्था सहकारी मूल्य, मान्यता र सिद्धान्त अनुरुप सञ्चालन हुन सक्ने आधार रहेको,

(ग) सहकारी संघ, संस्था समुदायमा आधारित एवं सदस्य केन्द्रित भई सञ्चालन र नियन्त्रण हुन सक्ने स्पष्ट आधार रहेको ।

२) उपदफा १) बमोजिम छानविन गर्दा प्रस्तावित सहकारी संघ, संस्थाको विनियमको कुनै कुरामा संशोधन गर्नुपर्ने देखिएमा दर्ता गर्ने अधिकारीले त्यस्तो संशोधन गर्नुपर्ने व्यहोरा खुलाई दरखास्त प्राप्त भएको मितिले पन्ध्र दिनभित्र निवेदकलाई सूचना गर्नु पर्नेछ ।

३) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि यो ऐन प्रारम्भ हुँदाका बखत दर्ता भई सञ्चालनमा रहेका करैयामाई गाउँपालिकाको भित्र कार्यक्षेत्र कायम गरिएका सहकारी संघ, संस्था यसै ऐन बमोजिम दर्ता भएको मानिनेछ ।

४) सहकारी संघ, संस्था दर्ता गर्दा गाउँपालिकाको अध्यक्षको निर्णय र निर्देशनमा दर्ता गर्ने अधिकारीले त्यस्तो सहकारी संघ, संस्थाले पालना गर्नु पर्ने गरी कुनै शर्त तोक्न सक्नेछ ।

५) उपदफा (४) बमोजिम शर्त तोकिएकोमा सोको पालना गर्नु सम्बन्धित सहकारी संघ, संस्थाको कर्तव्य हुनेछ ।

**९. दर्ता नगरी सहकारी संघ, संस्था सञ्चालन गर्न नहुने:**

१) कसैले पनि यस ऐन बमोजिम दर्ता नगरी सहकारी संघ, संस्था स्थापना तथा सञ्चालन गर्न हुँदैन ।

२) करैयामाई गाउँपालिका समेत कार्यक्षेत्र भई अन्यत्र दर्ता भएका सहकारी संघ, संस्थाहरुले संस्थाको शाखा, सम्पर्क कार्यालय खोल्दा कार्यपालिकामा जानकारी दिई अभिलेखिकरण गराउनु पर्नेछ ।

३) यस अघीनै जिल्ला सहकारी कार्यालय, डिभिजन सहकारी कार्यालय, सहकारी विभाग, रजिष्ट्रारको कार्यालयमा दर्ता भएर यस गाउँपालिकामा कार्यारत सहकारीहरु यसै ऐन अनुसार दर्ता भएको मानिनेछ ।

४) यस अघी दर्ता भई कार्यरत सहकारी संघ, संस्थाले दर्ता गर्नु पर्ने छैन तर गाउँपालिकामा दर्ता नियमित गर्न सहकारी समन्वय समितिले तोकेको ढाचामा अनुसूचि (३ वमोजिमका सवै विवरण र पुष्ट्याईका प्रमाणित कागजात सहित निवेदन दिनु पर्नेछ ।

५) उपदफा ४) वमोजिमको निवेदन सहितको विवरण र कार्य सम्पादा उपयूक्त देखिएमा दर्ता गर्ने अधिकारीले गाउँपालिकाको अध्यक्ष स्तरीय निर्णयमा आवेदन परेको मितिले १ (एक) महिनाभित्र त्यस्तो सहकारी संघ, संस्था दर्ता (नियमित) गरी अनुसूचि (४ को ढाँचामा दर्ता प्रमाणपत्र दिनु पर्नेछ:

## १०. दर्ता गर्न अस्वीकार गर्न सक्ने:

१) दफा ९. को उपदफा १) र २) मा उल्लिखित अवस्था नभएमा, सोही दफा को उपदफा २) बमोजिम विनियम संशोधनकोलागि सूचना दिएको अबधि भित्र निवेदकले संशोधन गर्न अस्वीकार गरेमा वा त्यस्तो सूचना पाएको मितिले तीस दिनभित्र बिनियम संशोधन नगरेमा वा सूचनामा उल्लेख भए बमोजिम हुने गरी विनियम संशोधन नगरेमा त्यस्तो सहकारी संघ, संस्था दर्ता गर्न अस्वीकार गर्नसक्नेछ।

२) उपदफा (१) बमोजिम सहकारी संघ, संस्था दर्ता गर्न अस्वीकार गरेकोमा दर्ता गर्ने अधिकारीले कारण खुलाई तीन दिन भित्र सोको जानकारी सम्वन्धित निवेदकहरूलाई दिनु पर्नेछ ।

## ११. सहकारी संघ, संस्था संगठित संस्था हुने:

१) सहकारी संघ, संस्था अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित र सङ्गठित संस्था हुनेछ ।

२) सहकारी संघ, संस्थाको काम कारबाहीकोलागि एउटा छुट्टै छाप हुनेछ।

३) सहकारी संघ, संस्थाले यस ऐनको अधीनमा रही व्यक्ति सरह चल



अचल सम्पत्ति प्राप्त, उपभोग, विक्री वा अन्य व्यवस्था गर्नसक्नेछ ।

४) सहकारी संघ, संस्थाले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजूर गर्न र सो उपर पनि सोही नामबाट नालिस उजूर लाग्न सक्नेछ ।

५) सहकारी संघ, संस्थाले व्यक्ति सरह करार गर्नसक्नेछ ।

## १२. सहकारी संस्था, संघको कार्यक्षेत्र र आधार:

१) दर्ता हुँदाका बखत सहकारी संघ, संस्थाको कार्य क्षेत्र देहाय बमोजिम हुनेछ:

(क) बचत तथा ऋणको मुख्य कारोवार गर्ने संस्थाको हकमा एक वडा भर,

(ख) दफा ३. को उपदफा ३) अनुसारको संस्था वढीमा दुई वडा भ,

(ग) अन्य सहकारी संस्थाको हकमा वढीमा पाँच वडा भर,

(घ) संघहरुकोगाउँपालिकाको भर,

२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि संस्थाले दर्ता भई व्यवसायिक सेवा प्रारम्भ गरेको दुईवर्ष पछि देहायको आधारमा जोडिएको भौगोलिक क्षेत्र कायम रहने गरी आफ्नो कार्यक्षेत्र थप वडाहरूमा विस्तार गर्नसक्नेछ ।

(क) संस्थाको व्यवसायिक क्रियाकलापको विकासक्रममा सदस्यता बढाउन थप कार्यक्षेत्र आवश्यक परेको,

(ख) संस्थाको कार्य सञ्चालनमा सदस्यको प्रत्यक्ष नियन्त्रण कायम राख्न रचनात्मक उपायहरु अवलम्बन गरिएको,

३) सहकारी संस्थाको कार्य क्षेत्रको आधार देहाय बमोजिम हुनेछ:

(क) सदस्यहरुवीच स्वाबलम्बनको पारस्पारिक अभ्यासकोलागि आपसी साभा वन्धन (कमन वण्ड),

(ख) व्यवसायिक स्तरमा सेवा सञ्चालन गर्न आवश्यक सदस्य संख्या,

(ग) संस्था सञ्चालनमा सदस्यको सहभागितामूलक लोकतान्त्रिक नियन्त्रण कायम हुने गरी पायक पर्ने स्थान ।

४) उपदफा १) २) र ३) मा जुनसुकै कुरा लेखिएको भएतापनि संस्थाको

कार्यक्षेत्रका वडाहरूमा सदस्य नभएको वा सेवा पुऱ्याउन नसकेका भेटिएमा दर्ता गर्ने अधिकारीले व्यावसायिक सेवा सञ्चालन भएका वडा मात्र कार्यक्षेत्र कायम गर्ने गरी विनियम संशोधन गर्न निर्देशन दिनेछ।

५) उपदफा ४) बमोजिम निर्देशन दिएकोमा सहकारी संस्थाले १ वर्षभित्र विनियम संशोधन गरी आफ्नो कार्यक्षेत्र पुनःनिर्धारण गर्नुपर्नेछ।

६) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सहकारी संस्थाले स्वेच्छिक रूपमा जुनसुकै समय कार्यक्षेत्र घटाउने गरी पुनःनिर्धारण गर्न विनियम संशोधन गर्नसक्नेछ। संसोधित विनियम गाउँपालिकाले स्विकृत गरेपछी मात्र लागु हुनेछ।

७) कार्यक्षेत्र पुनः निर्धारण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

**१३. जानकारी दिनुपर्ने:**

करैयामाई गाउँपालिका भन्दा बढी कार्यक्षेत्र कायम राखी दर्ता भई सञ्चालनमा रहेका सहकारी संघ, संस्थाहरूले करैयामाई गाउँपालिकामा सेवा सञ्चालन गर्दा सञ्चालित सेवाको विवरण सहित गाउँपालिकालाई जानकारी दिनु पर्नेछ।

**१४. विषयगत आधारमा वर्गीकरण:**

१) सहकारी संघ, संस्थाको वर्गीकरण देहाय बमोजिम हुनेछ:

(क) उत्पादनमूलक सहकारी संघ, संस्था:

कृषि,दुग्ध, चिया, उर्जा, कफि,उखु,फलफुल, माछापालन, तरकारी, अलैची, अदुवा, जडिबुटी लगायतका कृषि उत्पादन तथा औद्योगिक उत्पादनमुलक सहकारी संघ, संस्थाहरु,

(ख) वित्तिय सहकारी संघ, संस्था:

वचत तथा ऋण, वित्तिय सहकारी संघ, संस्थाहरु

(ग) सेवामूलक सहकारी संघ, संस्थाहरु:

उपभोक्ता भण्डार, शिक्षा, स्वास्थ्य, यातायात, सञ्चार, हस्तकला, खाद्य परिकार विशेषका विषयगत र प्राथमिक आवश्यकता एवम्



सेवाको योजना समेतका आधारमा अन्य सेवामुलक सहकारी संघ, संस्थाहरु,

(घ) बहुउद्देश्यीय सहकारी संघ, संस्था:

उत्पादनमुलक, सेवामुलक, वित्तिय तथा उपभोग र श्रम वा सीपमा आधारित स्वरोजगारीका सेवा समेत सञ्चालन गर्ने अन्य बहुउद्देश्यीय सहकारी संघ, संस्था।

२) उपदफा १) को खण्ड (क), (ख) र (ग) मा उल्लेखित विषयमा विशिष्टीकरण, आम प्रचलन र अभ्यासको विकासक्रम समेतको आधारमा तोकिए बमोजिमका विषयहरु थप गर्न सकिनेछ।

३) उपदफा १) र २) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा १) बमोजिम अन्य सहकारी संघ, संस्थाहरु गठन गर्न बाधा पर्नेछैन।

**१५. कारोवार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालन गर्न सक्ने:**

१) दफा ९. बमोजिम दर्ता प्रमाणपत्र प्राप्त गरे पछि सहकारी संघ, संस्थाले आफ्नो उद्देश्य प्राप्तिकालागि यस ऐन, तथा अन्तरगत वनेको नियमावली र स्विकृत विनियमको अधीनमा रही आवश्यक कारोवार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालन गर्नसक्नेछ।

२) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएतापनि सहकारी संघ, संस्थाले उपदफा १) बमोजिम कारोवार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालन गर्न छुट्टै सहकारी संघ, संस्था दर्ता गर्नुपर्ने छैन। तर त्यस्तो कारोवार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालन गर्न प्रचलित कानून बमोजिम अनुमतिपत्र, स्वीकृति वा इजाजतपत्र लिनु पर्ने रहेछ भने सो बमोजिम अनुमतिपत्र, स्वीकृति वा इजाजतपत्र लिएर मात्र कारोवार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालन गर्नु पर्नेछ।

३) उपदफा २) बमोजिम सहकारी संघ, संस्थाले प्रचलित कानून बमोजिम अधिकार पाएको निकाय वा अधिकारीबाट अनुमतिपत्र, स्वीकृति वा इजाजतपत्र प्राप्त गरेमा १ महिना भित्र सोको जानकारी कार्यपालिका कार्यालयलाई दिनु पर्नेछ।

४) दुई वा दुईभन्दा बढी सहकारी संघ, संस्थाले संयुक्त वा साझेदारीमा आफ्नो उत्पादन वा सेवाको बजारीकरणकोलागि यस ऐनको अधीनमा रही आवश्यक कारोवार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालन गर्न सक्नेछन ।

५) उपदफा ४) बमोजिमको कारोवार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालन गर्ने सम्बन्धी अन्य व्यबस्था तोकिए बमोजिम हुनेछ ।

**१६. दायित्व सीमित हुने:**

१) सहकारी संघ, संस्थाको कारोबारको सम्बन्धमा सदस्यको दायित्व निजले खरिद गरेको वा खरिद गर्न स्वीकार गरेको शेयरको अधिकतम रकमसम्म मात्र सीमित रहनेछ ।

२) संस्थाको नाममा "सहकारी"र नामको अन्त्यम "लिमिटेड"भन्ने शब्द राख्नु पर्नेछ ।

**१७. सहकारीका मूल्य, मान्यता र सिद्धान्त पालना गर्नु पर्ने:**

सहकारी संघ, संस्थाको गठन र सञ्चालन गर्दा सहकारीका मूल्य, मान्यता र सिद्धान्तको पालना गर्नु पर्नेछ ।

## परिच्छेद-३

## सहकारी संघ, संस्थाका उद्देश्य तथा कार्य

**१८. सहकारी संघ, संस्थाको उद्देश्य:**

सदस्य र समुदायको हितकालागि आफ्ना सदस्यहरू तथा समुदायको आर्थिक, सामाजिक तथा साँस्कृतिक उन्नयन गर्नु सहकारी संघ, संस्थाको मुख्य उद्देश्य हुनेछ ।

**१९. सहकारी संघ, संस्थाको कार्य:**

सहकारी संघ, संस्थाका कार्यहरू देहाय बमोजिम हुनेछन:

१) सहकारीका मूल्य, मान्यता र सिद्धान्तहरूको पालना गर्ने गराउने,

२) सदस्यको हित प्रवर्द्धन गर्ने गरी व्यावसायिक सेवाहरू प्रदान गर्ने,

३) सदस्यलाई शिक्षा, सूचना र तालीम प्रदान गर्ने,

४) सहकारी संघ, संस्थाले गर्ने उत्पादन तथा सेवाको मापदण्ड निर्धारण



गरी गुणस्तर सुधार, आर्थिक स्थायित्व र जोखिम व्यवस्थापन सम्वन्धी कार्य गर्ने,

५) आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने,

६) सहकारी संघ, संस्थाको व्यवसायिक प्रवर्द्धन तथा विकास सम्वन्धी क्रियाकलापहरू सञ्चालन गर्ने,

७) मन्त्रालय, संघीय, प्रादेशिक रजिष्ट्रार, करैयामाई गाउँपालिकाको सहकारी समन्वय समिति तथा सम्वन्धित अन्य निकायको निर्देशन पालना गर्ने गराउने,

८) संबन्धित सहकारी संघ, संस्थाको विनियममा उल्लिखित कार्यहरू गर्ने ।

## परिच्छेद-४

## विनियम तथा आन्तरिक कार्यविधि

**२०. विनियम बनाउनु पर्ने:**

१) सहकारी संघ, संस्थाले संघीय कानून, प्रदेश कानून, यो ऐन, यस ऐन अन्तर्गत बनेको नियमको अधीनमा रही आफ्नो कार्य सञ्चालनकोलागि विनियम बनाउनु पर्नेछ ।

२) उपदफा (१) बमोजिमको विनियम गाउँपालिकाबाट स्वीकृत भए पछि लागु हुनेछ ।

**२१. आन्तरिक कार्यविधि बनाउन सक्ने**

१) सहकारी संघ, संस्थाले संघीय कानून, प्रदेश कानून, यो ऐन, र अन्तर्गत बनेको नियमावलीको अधिनमा रही गाउँपालिकाको वाट स्विकृत भएको विनियम अन्तरगत आवश्यकता अनुसार आफ्नो आन्तरिक कार्यविधि बनाउन सक्नेछ

२) उपदफा (१) बमोजिमको आन्तरिक कार्यविधि सम्बन्धित सहकारी संघ, संस्थाको सञ्चालक समितिले स्विकृत गरीसकेपछि लागु हुने छ । सोको अनुमोदन साधारण सभाले गर्नुपर्ने छ ।

**२२. विनियममा संशोधन:**

१) सहकारी संघ, संस्थाको साधारण सभाको गणपुरक संख्याको कमीतमा दुइ तिहाई बहुमतबाट विनियम संशोधन हुन सक्नेछ

२) उपदफा १) बमोजिम संशोधन भएक्रो विनियम वा आन्तरिक कार्यविधि गाउँपालिकाको अध्यक्षको निर्देशनमा दर्ता गर्ने अधिकारीबाट स्वीकृत भएपछि लागु हुनेछ ।

## परिच्छेद-५
## सदस्यता

**२३. सहकारी संघ, संस्थाको सदस्यता:**

१) १८ वर्ष उमेर पूगेका तोकिएका योग्यता पुगेका नेपाली नागरिक संस्थाको सदस्य हुन सक्नेछ ।

२) विषयगत सहकारी संस्थाले मात्र सम्वन्धित विषयको करैयामाई गाउँपालिकाको विषयगत सहकारी संघको सदस्यता प्राप्त गर्नसक्नेछ।

३) विषयगत सहकारी संस्था, वहुउदेशिय सहकारी संस्था र विषयगत सहकारी संघहरुले मात्र करैयामाई गाउँपालिकाको सहकारी संघको सदस्यता प्राप्त गर्नसक्नेछ ।

४) सदस्यता प्रप्त गर्न देहाय बमोजिम हुनु पर्नेछ ।

(क) करैयामाई गाउँपालिकामा (संस्थाको कार्यक्षेत्र भित्र) स्थाई वसोवास गरेको,

(ख) सहकारी संघ, संस्थाको कम्तीमा एक शेयर खरिद गरेको,

(ग) सहकारी संघ, संस्थाको विनियममा उल्लिखित शर्तहरु पालना गर्न मन्जुर गरेको,

(घ) सहकारी संघ, संस्थाको जिम्मेवारी पालना गर्न मन्जुर भएको,

(ङ) सहकारी संघ, संस्थाले गरेको कारोवारसँग प्रतिस्पर्धा हुने गरी कारोवार नगरेको,

(च) सहकारी संघ, संस्थाको सदस्यता लिन योग्य रहेको स्वघोषणा गरेको ।

५) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि नेपाल सरकार,



प्रदेश सरकार तथा सरकारका अन्य निकायहरु, करैयामाई गाउँपालिकाको साथै सहकारी संघ, संस्थाको कार्यक्षेत्र भित्रका सामुदायिक वा सहकारी विद्यालय, गुठी, स्थानीय क्लब, स्थानीय तहमा गठन भएका उपभोक्ता समूहहरु तथा उत्पादन, सेवामूलक संस्थाहरुलाई सहकारी संस्थाको सदस्य हुन बाधा पर्ने छैन । तर करैयामाई गाउँपालिकाले सहकारी संघ, संस्थाको सदस्य वन्नकोलागि कार्यपालिकाको कमीतमा दुई तिहाईले पारित गरी गाउँ सभाले अनुमोदन गरेको हुनुपर्नेछ ।

६) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि स्वास्थ्य सहकारी संघ, संस्थामा सहकारी संस्थाले सदस्यता लिन वाधा पर्ने छैन ।

७) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि व्यपक जनसहभागिता भएको, व्यपकरुपमा स्थानीय उत्पादन, अत्यधिक रोजगारी, पारदर्शि सञ्चालन पद्धति भएका सहकारीहरु मध्ये कार्यपालिकाले उत्कृष्ठ सहकारीमा शेयर लगानि गरी नमुना सहकारीको विकास गराउन सक्नेछ, यस्तो सहकारी संघ, संस्थामा गाउँपालिकाले सदस्यता लिन वाधा पर्ने छैन ।

**२४. संघको सदस्यता हुन सक्ने**

१) यस ऐन अनुसार गठन भएका विषयगत सहकारी संघ र सवै सहकारी संस्थाहरुले करैयामाई गाउँपालिकाको सहकारी संघ र विषयगत संस्थाहरुले करैयामाई गाउँपालिकाको विषयगत सहकारी संघको सदस्यता प्राप्त गर्न सक्नेछन ।

२) जिल्ला, प्रदेश, केन्द्रिय विषयगत सहकारी संघ, सहकारी संघ र राष्ट्रिय सहकारी महासंघको सदस्यता विधी प्रकृया संघीय र प्रदेश कानून अनुसार हुनेछ

३) करैयामाई गाउँपालिकाको विषयगत सहकारी संघ र करैयामाई गाउँपालिकाको सहकारी संघको सदस्यता विधी प्रकृया सम्वन्धित सहकारी संघको विनियममा तोकेवमोजिम हुनेछ ।

**२५. सदस्यता प्राप्त गर्न निवेदन दिनुपर्ने:**

१) सहकारी संघ, संस्थाको सदस्यता लिन चाहने सम्बन्धित व्यक्ति, संस्थाले सहकारी संघ, संस्थाको सञ्चालक समिति समक्ष निवेदन दिनु पर्नेछ ।

२) उपदफा १) बमोजिम निवेदन परेको मितिले पैंतीस दिन भित्र समितिले यो ऐन र यस अन्तर्गत बनेको नियमावली तथा आफ्नो सहकारी संघ, संस्थाको विनियमको अधीनमा रही सदस्यता प्रदान गर्ने वा नगर्ने निर्णय गर्नु पर्नेछ ।

३) उपदफा २) बमोजिम निर्णय गर्दा समितिले सदस्यता प्रदान नगर्ने निर्णय गरेमा सोको कारण खोली सात दिनभित्र निवेदकलाई जानकारी गराउनु पर्नेछ ।

४) उपदफा ३) बमोजिम जानकारी पाएको मितिले तीस दिनभित्र सम्बन्धित व्यक्तिले त्यस्तो सहकारी संघ, संस्था दर्ता गर्ने अधिकारीसमक्ष उजूर गर्नसक्नेछ ।

५) उपदफा ४) बमोजिम प्राप्त उजूरी छानविन गर्दा निवेदकलाई सदस्यता प्रदान गर्नु पर्ने देखिएमा दर्ता गर्ने अधिकारीले त्यस्तो निवेदकलाई सदस्यताकालागि सम्वन्धित सहकारी संघ, संस्थालाई आदेश दिन सक्नेछ ।

६) उपदफा ५) बमोजिम आदेश भएमा सो आदेश प्राप्त गरेको १५ दिन भित्र सम्बन्धित सहकारी संघ, संस्थाले निवेदकलाई सदस्यता प्रदान गरी सोको जानकारी दर्ता गर्ने अधिकारीलाई गराउनु पर्नेछ ।

**२६. सदस्य हुन नपाउने:**

१) कुनै व्यक्तिएकै प्रकृतिको एकभन्दा वढी सहकारी संघ, संस्थाको सदस्य हुन पाउने छैन ।

२) यो ऐन प्रारम्भ हुनु अघि कुनै व्यक्ति एकै प्रकृतिको एकभन्दा बढी सहकारी संघ, संस्थाको सदस्य रहेको भए यो ऐन प्रारम्भ भएको मितिले तीन वर्ष भित्र कुनै एक सहकारी संघ, संस्थाको मात्र सदस्यता कायम राख्नु पर्नेछ ।

३) यो ऐन प्रारम्भ हुनु अघि दर्ता भएको स्वास्थ्य, शिक्षा सहकारी संघ,



संस्थाको हकमा यो उपदफा लागु हुनेछैन ।

**२७. सदस्यताको समाप्ति:**

१) कुनै सदस्यको सदस्यता देहायको अवस्थामा समाप्त हुनेछ:-

(क) सदस्यले आफ्नो सदस्यता त्याग गरेमा,

(ख) लगातार बार्षिक साधारण सभामा बिना सूचना तीन पटकसम्म अनुपस्थित भएमा,

(ग) यो ऐन र अन्तंर्गत बनेको नियमावली तथा सम्वन्धित संस्थाको विनियम बमोजिम सदस्यले पालना गर्नुपर्ने प्रावधानको बारम्बार उल्लंघन गरेमा,

(घ) सहकारी संघ, संस्थाको सदस्यको हकमा दफा २३. बमोजिमको योग्यता नभएमा ।

२) उपदफा १) मा जुनसुकै कुरा लेखिएको भएतापनि कुनै सदस्यले सहकारी संघ, संस्थाबाट प्राप्त वा भुक्तान गर्नु पर्ने कुनै रकम भएमा सो फरफारक नभएसम्म वा निजले लिएको ऋण, तिर्नुपर्ने कुनै दायित्व वा अन्य कुनै सदस्यको तर्फबाट धितो वा जमानत बसेकोमा सोको दायित्व फरफारक नभएसम्म निजको सदस्यता समाप्त हुने छैन ।

३) यस दफामा जुनसुकै कुरा लेखिएको भएतापनि साधारण सभा बोलाउने निर्णय भइसकेपछि साधारण सभा सम्पन्न नभएसम्म कसैलाई पनि सदस्यता दिन र सदस्यताबाट हटाउन सकिने छैन ।

४) सदस्यता हटाउदा हटाउनु पुर्व सफाइको मौका दिइनेछ ।

**२८. सुविधा प्राप्त गर्न नसक्ने:**

कुनै सदस्यले सहकारी संघ, संस्थालाई तिर्नु पर्ने कुनै दायित्व निर्धारित समयभित्र भुक्तान नगरेमा वा यस ऐन र अन्तर्गत वनेको नियमावली तथा सदस्य रहेको सहकारी संघ, संस्थाको विनियम बमोजिम सदस्यले पालन गर्नुपर्ने व्यवस्थाको बारम्बार उल्लंघन गरेमा त्यस्तो सदस्यले अन्य सदस्य सरहको सुविधा प्राप्त गर्न सक्ने छैन ।

## परिच्छेद-६

## साधारण सभा, सञ्चालक समिति तथा लेखा तथा सुपरिवेक्षण समिति

**२९. साधारण सभाः**

१) सहकारी संघ, संस्थाको सर्वोच्च अङ्को रुपमा साधारण सभा हुनेछ।

२) सहकारी संघ, संस्थाका सबै पदाधिकारी तथा सदस्यहरू साधारण सभाका सदस्य हुनेछन ।

३) सहकारी संघ, संस्थाको साधारण सभा देहाय बमोजिम हुनेछ:-

(क) प्रारम्भिक साधारण सभा,

(ख) वार्षिक साधारण सभा,

(ग) विशेष साधारण सभा ।

**३०. प्रारम्भिक साधारण सभाको काम, कर्तव्य र अधिकारः**

प्रारम्भिक साधारण सभाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:-

१) प्रारम्भिक साधारण सभा हुने अघिल्लो दिनसम्मको काम कारबाही र आर्थिक कारोवारको जानकारी लिने,

२) चालु आर्थिक वर्षकोलागि वार्षिक कार्यक्रम तथा बजेट स्वीकृत गर्ने,

३) प्रतिवेदन तथा वित्तीय विवरण अनुमोदन गर्ने,

४) विनियममा उल्लेख भए बमोजिम समिति वा लेखा सुपरीवेक्षण समितिको निर्वाचन गर्ने,

५) आन्तरिक कार्यविधि अनुमोदन गर्ने

६) लेखापरीक्षकको नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने,

७). विनियममा तोकिए बमोजिमका अन्य कार्यहरू गर्ने ।

**३१. वार्षिक साधारण सभाको काम, कर्तव्य र अधिकारः**

वार्षिक साधारण सभाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:-

१) वार्षिक कार्यक्रम तथा बजेट स्वीकृति गर्ने,

२) वार्षिक लेखापरीक्षण प्रतिवेदन अनुमोदन गर्ने,

३) सञ्चालक समिति वा लेखा सुपरीवेक्षण समितिको निर्वाचन तथा विघटन गर्ने,

४) सञ्चालक समिति तथा लेखा सुपरीवेक्षण समितिको संयोजक वा



सदस्यलाई पदबाट हटाउने, (पद वाट हटाउनु पुर्व सफाइको मौका दिनु पर्नेछ)

५) सञ्चालक समिति वा लेखा सुपरीवेक्षण समितिको वार्षिक प्रतिवेदन पारित गर्ने,

६) विनियम संशोधन तथा आन्तरिक कार्यविधि अनुमोदन गर्ने,

७) लेखापरीक्षकको नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने,

८) सहकारी संघ, संस्था एकीकरण वा विघटन सम्बन्धी निर्णय गर्ने,

९) ऋण तथा अनुदान प्राप्त गर्ने सम्बन्धमा निर्णय गर्ने,

१०) सदस्यको दायित्व मिनाहा दिने,

११) सञ्चालक समितिलाई आवश्यक निर्देशन दिने,

१२) विनियममा तोकिए बमोजिमका अन्य कार्यहरू गर्ने ।

**३२. साधारण सभाको वैठकः**

१) सञ्चालक समितिले सहकारी संघ, संस्था दर्ता भएको मितिले तीन महिनाभित्र प्रारम्भिक साधारण सभा बोलाउनु पर्नेछ ।

२) सञ्चालक समितिले प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले ३( तीन) महिनाभित्र वार्षिक साधारण सभा बोलाउनु पर्नेछ । उक्त अवधीमा साधारण सभा हुन नसक्ने तथा नसकेको मुनासिव कारण खोली दर्ता गर्ने अधिकारीवाट थप तीन महिनाको म्याद लिन सकिनेछ।

३) सञ्चालक समितिले देहायको अवस्थामा विशेष साधारण सभा बोलाउनु पर्नेछ:-

(क) सहकारी संघ, संस्थाको काम विशेषले विशेष साधारण सभा बोलाउनुपर्ने भनी सञ्चालक समितिवाट निर्णय भएमा,

(ख) दफा ४२. को उपदफा १) को खण्ड (छ) बमोजिम लेखा सुपरीवेक्षण समितिको सिफारिशमा,

(ग) कुनै सञ्चालकले विशेष साधारण सभा बोलाउन पेश गरेको प्रस्ताव सञ्चालक समितिद्वारा पारित भएमा,

(घ) विशेष साधारण सभा बोलाउनु पर्ने कारण खुलाइ पच्चीस प्रतिशत सदस्यले सञ्चालक समिति समक्ष निवेदन दिएमा,

(ङ) दफा ३३. कोउपदफा १) बमोजिम दर्ता गर्ने अधिकारीले निर्देशन दिएमा,

४) उपदफा ३) मा जुनसुकै कुरा लेखिएको भएतापनि सहकारी संघ, संस्थाको सञ्चालक वा व्यवस्थापकबाट आफ्नो जिम्मेवारी पुरा नगरी सहकारी संघ, संस्था सञ्चालनमा समस्या उत्पन्न भएको अवस्थामा दर्ता गर्ने अधिकारीसँग अनुमति लिई एक तिहाई सञ्चालक समेत साधारण सदस्यहरू मध्येबाट बहुमत सदस्य उपस्थित भई विशेष साधारण सभा गर्न सकिनेछ ।

**३३. विशेष साधारण सभा बोलाउन निर्देशन दिन सक्ने:**

१) सहकारी संघ, संस्थाको निरिक्षण वा सुपरीवेक्षण गर्दा वा कसैको उजुरी परी छानविन गर्दा देहायको अवस्था देखिन आएमा दर्ता गर्ने अधिकारीले त्यस्तो सहकारी संघ, संस्थाको सञ्चालक समितिलाई साधारण सभा बोलाउन निर्देशन दिन सक्नेछ:

(क) सहकारीको मूल्य, मान्यता तथा सिद्धान्त विपरित कार्य गरेमा,

(ख) यस ऐन र अन्तर्गत बनेको नियमावली र सम्वन्धित सहकारी संघ, संस्थाको विनियम तथा आन्तरिक कार्यविधि विपरीत कार्य गरेमा,

(ग) दर्ता गर्ने अधिकारीले दिएको निर्देशनको बारम्बार उल्लंघन गरेमा,

२) उपदफा १) बमोजिम साधारण सभा बोलाउन निर्देशन प्राप्त भएमा सञ्चालक समितिले सो निर्देशन प्राप्त भएको मितिले पैंतीस दिनभित्र साधारण सभाको बैठक बोलाउनु पर्नेछ र साधारण सभाको बैठकमा उजूरी वा निरिक्षणका क्रममा देखिएका विषयमा छलफल गरी सोको प्रतिवेदन कार्यपालिका समक्ष पेश गर्नु पर्नेछ ।

३) उपदफा १) वा २) मा उल्लेखित अवधी भित्र सञ्चालक समितिले साधारण सभा नबोलाएमा सहकारी समन्वय समितिको निर्णयमा दर्ता गर्ने अधिकारीले त्यस्तो साधारण सभा बोलाउन सक्नेछ ।

४) सहकारी संघ, संस्थाको साधारण सभाकोलागि गणपूरक संख्या तत्काल



कायम रहेको सदस्य संख्याको एकाउन्न प्रतिशत हुनेछ ।

तर पहिलो पटक डाकिएको साधारण सभामा गणपुरक संख्या नपुगेमा त्यसको सात दिन भित्र दोस्रो पटक साधारण सभा बोलाउनु पर्ने र यसरी दोस्रो पटक बोलाइएको साधारण सभामा संचालक समितिको बहुमत सहित एक तिहाई साधारण सदस्यहरुको उपस्थिति भएमा साधारण सभाको गणपुरक संख्या पुगेको मानिनेछ ।

५) उपदफा ४) मा जुनसुकै कुरा लेखिएको भए तापनि दफा ३२. को ४) मा भएको व्यवस्था सोही अनुसार हुनेछ ।

६) दुई हजार वा सोभन्दा बढी सदस्य भएको सहकारी संघ, संस्थाले साधारण सभा गर्दा सदस्य संख्याको अनुपातमा वडा वडा वा अन्य पायक पर्ने स्थानमा सञ्चालकलाई पठाई तोकिएको अनुपातको आधारमा प्रतिनिधि छनौट गर्न सक्ने छन् । त्यसरी छनौट भएर आएका प्रतिनिधिहरु विच प्रतिनिधिमूलक साधारण सभा गर्न सकिने छ ।

**३४. सञ्चालक समिति:**

१) सहकारी संघ, संस्थामा साधारण सभाबाट निर्वाचित एक सञ्चालक समिति रहनेछ। सञ्चालक समितिमा अध्यक्षसहित तोकिए बमोजिम पदाधिकारी र सदस्यहरु गरी ७ देखी १५ जना सम्मको हुनेछ ।

२) उपदफा १) बमोजिमको समितिमा उपलब्ध भएसम्म समावेसीता सहित कम्तीमा ३३ प्रतिशत महिला सदस्यको प्रतिनिधित्व हुने व्यवस्था गर्नु पर्नेछ ।

३) एउटै परिवारको एकभन्दा बढी सदस्य एकै अवधीमा सञ्चालक समिति तथा लेखा समितिको पदमा उम्मेदवार बन्न र निर्वाचित हुन सक्ने छैन ।

४) कुनै सहकारी संघ, संस्थाको सञ्चालक सोही सहकारी संघ, संस्थाको कर्मचारी वा आफ्नो सहकारी संघ, संस्थाले सदस्यता लिएको सहकारी संघ वा सहकारी बैङ्क बाहेक समान तहको समान विषयको सहकारी संघ, संस्थाको सञ्चालक बन्न पाउने छैन ।

तर वार्षिक दुई करोड रुपैयाभन्दा कमको कारोवार गर्ने सहकारी संघ, संस्थाको सञ्चालकले त्यस्तो सहकारी संघ, संस्थामा कर्मचारीको रुपमा काम गर्न बाधा पर्ने छैन । वार्षिक दुई करोडभन्दा बढी कारोवार गर्ने सहकारी संघ, संस्थामा कुनै संचालक कर्मचारी रहेको भए यो ऐन प्रारम्भ भएको मितिले १ वर्ष भित्र त्यस्तो सञ्चालकले कर्मचारीको पद त्याग गरी अर्को कर्मचारीको व्यवस्था गर्नुपर्नेछ ।

५) यो ऐन प्रारम्भ हुनुअघि कुनै व्यक्ति एकभन्दा बढी समान तहको सहकारी संघ, संस्थाको सञ्चालक वा सोही सहकारी संघ, संस्थाको कर्मचारी भएकोमा यो ऐन प्रारम्भ भएको मितिले एक वर्षभित्र कुनै एक सहकारी संघ, संस्थाको मात्र सञ्चालक वा कर्मचारी रहनु पर्नेछ।

६) सहकारी संस्थाको सञ्चालक समितिको कार्यावधि वढीमा चार वर्षको हुनेछ ।

७) विषयगत सहकारी संघको सञ्चालक समितिको कार्यावधि वढीमा तिन वर्षको हुनेछ ।

८) गाउँपालिका सहकारी संघको सञ्चालक समितिको कार्यावधि वढीमा दुई वर्षको हुनेछ ।

९) सञ्चालक समितिको बैठक सम्वन्धी विधि प्रकृया स्विकृत विनियममा उल्लेख भएको सहकारी मुल्य मान्यतामा आधारति हुनेछ ।

**३५. सञ्चालक समितिको निर्वाचनः**

१) सञ्चालक समितिले आफ्नो कार्यावधि समाप्त हुनु अगावै अर्को सञ्चालक समितिको निर्वाचन गराउनु पर्नेछ ।

२) उपदफा १) बमोजिम समितिको निर्वाचन नगराएको जानकारी प्राप्त भएमा त्यस्तो जानकारी प्राप्त भएको मितिले तिन महिनाभित्र सञ्चालक समितिको निर्वाचन गराउन दर्ता गर्ने अधिकारीले सम्बन्धित सञ्चालक समितिलाई आदेश दिन सक्नेछ ।

३) उपदफा २) बमोजिम दर्ता गर्ने अधिकारीले आदेश दिएकोमा सम्बन्धित सञ्चालक समितिले सो आदेश बमोजिमको समयावधि भित्र सञ्चालक समितिको निर्वाचन गराई दर्ता गर्ने अधिकारलाई जानकारी गराउनु



पर्नेछ ।

४) उपदफा ३) बमोजिम समितिको निर्वाचन नगराएमा सहकारी समन्वय समितिको निर्णयमा दर्ता गर्ने अधिकारले त्यस्तो सहकारी संघ, संस्था सदस्य रहेको माथिल्लो संघ भए सो संघको प्रतिनिधि समेतलाई सहभागी गराई सञ्चालक समितिको निर्वाचन सम्बन्धी सम्पूर्ण कार्य गर्ने गराउनेछ ।

५) उपदफा ४) बमोजिमको निर्वाचन कार्यमा सहयोग पुऱ्याउनु सम्बन्धित सञ्चालक समितिका पदाधिकारी तथा सदस्यहरूको कर्तव्य हुनेछ ।

६) उपदफा ५) बमोजिम निर्वाचन गराउँदा लागेको सम्पूर्ण खर्च सम्वन्धित सहकारी संघ, संस्थाले व्यहोर्नु पर्नेछ ।

७) सञ्चालक समितिको अर्को निर्वाचन नभएसम्मकोलागि समितिले विनियममा व्यवस्था भए बमोजिम आफ्नो कार्य सञ्चालन गर्नेछ ।

८) निर्वाचन संम्वन्धी कार्यविधी प्रचलित कानून वमोविम तोकिए अनुसार हुनेछ ।

**३६. सञ्चालक समितिको काम, कर्तव्य र अधिकारः**

यस ऐनमा अन्यत्र उल्लेखित काम, कर्तव्य र अधिकारका अतिरिक्त सञ्चालक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

१) सहकारीका मूल्य, मान्यता र सिद्धान्त बमोजिम सहकारी संघ, संस्था सञ्चालन गर्ने,

२) आर्थिक तथा प्रशासकीय कार्य गर्ने र गराउने,

३) प्रारम्भिक साधारण सभा, वार्षिक साधारण सभा तथा विशेष साधारण सभा बोलाउने,

४) साधारण सभाका निर्णयहरू कार्यान्वयन गर्ने, गराउने,

५) सहकारी संघ, संस्थाको नीति, योजना, बजेट तथा बार्षिक कार्यक्रमको तर्जुमा गरी साधारण सभा समक्ष पेश गर्ने,

६) सहकारी संघ, संस्थाको सदस्यता प्रदान गर्ने तथा सदस्यताबाट हटाउने,

७) शेयर नामसारी तथा फिर्ता सम्वन्धी कार्य गर्ने,

८) सम्वन्धित सहकारी संघको सदस्यता लिने,

९) विनियम तथा आन्तरिक कार्यविधि तयार गरी साधारण सभामा पेश गर्ने,

१०) कार्यक्षेत्र भित्र सहकारी संघ, संस्थाको कारोबार र व्यवसायको हित प्रवर्दनकोलागि आवश्यक कार्य गर्ने, गराउने,

११) विनियममा तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने ।

**३७. सञ्चालक पदमा बहाल नरहने:**

देहायको अवस्थामा सञ्चालक आफनो पदमा बहाल रहन सक्नेछैन:

१) निजले दिएको राजीनामा सञ्चालक समितिबाट स्वीकृत भएमा,

२) निजलाई दफा ३८ उपदफा १) बमोजिम सञ्चालकबाट हटाउने निर्णय भएमा,

३) निज अर्को एकै प्रकृतिको सहकारी संघ, संस्थाको सञ्चालक रहेमा,

४) निज सोही सहकारी संघ, संस्थाको कर्मचारी रहेमा, तर दफा ३१ को उपदफा ४) को प्रतिवन्धात्मक वाक्यांशमा लेखिएको कुरामा सोही बमोजिम हुनेछ ।

५) निज सोही वा अर्को एकै प्रकृतिको सहकारी संघ, संस्थाको लेखा तथा सुपरीवेक्षण समितिको पदमा रहेमा

६) निजको मृत्यु भएमा ।

**३८. सञ्चालकलाई पदबाट हटाउन सक्ने:**

१) साधारण सभाले दुई तिहाई वहुमतको निर्णयबाट देहायको अवस्थामा कुनै सञ्चालकलाई पदबाट हटाउन सक्नेछ:

(क) आर्थिक हिनामिना गरी सम्बन्धित सहकारी संघ, संस्थालाई हानी नोक्सानी पुऱ्याएमा,

(ख) अनधिकृत तवरले सम्बन्धित सहकारी संघ, संस्थाको कारोबार सम्बन्धी विषयको गोपनियता भङ्ग गरेमा,

(ग) सम्बन्धित सहकारी संघ, संस्थाको कारोबार र व्यवसायसँग प्रतिस्पर्धा हुने गरी समान प्रकृतिको कारोबार वा व्यवसाय गरेमा,



(घ) सम्वन्धित सहकारी संघ, संस्थाको अहित हुने कुनै कार्य गरेमा,

(ङ) निज शारीरिक वा मानसिक रुपमा काम गर्न नसक्ने भएमा,

(च) कुनै सञ्चालकमा यस ऐन र अन्तर्गत बनेको नियममावलीमा उल्लिखित योग्यता नरहेमा ।

२) कुनै सञ्चालकलाई पदबाट हटाउने निर्णय गर्नु अघि त्यस्तो सञ्चालकलाई साधारण सभा समक्ष सफाई पेश गर्ने मनासिब माफिकको मौका दिइनेछ ।

३) उपदफा २) बमोजिमको अवधीभित्र कुनै सञ्चालकले सफाई पेश नगरेमा वा निजले पेश गरेको सफाई सन्तोषजनक नभएमा साधारण सभाले त्यस्तो सञ्चालकलाई पदबाट हटाउन सक्नेछ ।

४) उपदफा ३) बमोजिम सञ्चालकको पदबाट हटाइएको सदस्य सञ्चालक समितिको दुई कार्यकालसम्मको निर्वाचनमा उम्मेदवार बन्न पाउने छैन ।

५) उपदफा ३) बमोजिम कुनै सञ्चालक पदबाट हटेमा त्यस्तो पदमा साधारण सभाले बाँकी अवधीकोलागि अर्को सञ्चालकको निर्वाचन गर्नेछ । तर कार्यकाल ६ महिना मात्र भएको हकमा उक्त पद खाली रहेमा कुनै वाधा परेको मानिने छैन ।

**३९. निजी स्वार्थ समावेश भएको निर्णय प्रकृयामा संलग्न हुन नहुने:**

१) सञ्चालकले आफ्नो निजी स्वार्थ समावेश भएको निर्णय प्रक्रियामा संलग्न हुनुहुँदैन ।

२) सञ्चालकले आफूलाई मात्र व्यक्तिगत फाइदा हुनेगरी सहकारी संघ, संस्थामा कुनै कार्य गर्न गराउन हुँदैन ।

३) कुनै सञ्चालकले उपदफा १) को बिपरीत हुने गरी वा आफ्नो अधिकार क्षेत्र भन्दा बाहिर गई कुनै काम कारबाही गरे गराएमा त्यस्तो काम कारबाही प्रति त्यस्तो सञ्चालक व्यक्तिगत रूपमा उत्तरदायी हुनेछ र त्यस्तो काम कारबाहीबाट सहकारी संघ, संस्थाको, सदस्य वा अन्य कुनै व्यक्तिलाई हानी नोक्सानी हुन गएको रहेछ भने त्यस्तो हानी नोक्सानी निजको जायजेथाबाट असूल उपर गरिनेछ ।

**४०. सञ्चालक समितिको विघटनः**

१) साधारण सभाले देहायको अवस्थामा सञ्चालक समितिको विघटन गर्नसक्नेछः-

(क) सञ्चालक समितिको बदनियतपूर्ण कार्यबाट सहकारी संघ, संस्थाको कारोबार जोखिममा परेमा,

(ख) सहकारी संघ, संस्थाले तिर्नुपर्ने दायित्व तोकिएको समयभित्र भुक्तान गर्न नसकेमा,

(ग) सहकारी संघ, संस्थाको विनियममा उल्लिखित उद्देश्य र कार्य विपरितको काम गरेमा,

(घ) सञ्चालक समितिले आफ्नो जिम्मेवारी पूरा नगरेमा,

(ङ) यस ऐन र अन्तर्गत बनेको नियमावलीमा उल्लिखित शर्त र कार्यपालिका तथा सहकारी समन्वय समितिले दिएको निर्देशनको बारम्बार उल्लघन गरेमा ।

२) उपदफा १) बमोजिम समिति विघटन भएमा साधारण सभाले नयाँ समितिको निर्वाचन गर्नेछ ।

३) सञ्चालक समितिले यस ऐन र अन्तर्गत बनेको नियमावली बमोजिम दर्ता गर्ने अधिकारीले दिएको निर्देशन पालना नगरेमा वा दफा ३३. बमोजिम पेश भएको प्रतिवेदन समेतको आधारमा सहकारी समन्वय समितिले सञ्चालक समितिलाई उजूरी वा निरीक्षणको क्रममा देखिएका विषयवस्तुको गाम्भिर्यताको आधारमा बढीमा छ महिनाको समय दिई सुधार गर्ने मौका दिन सक्नेछ र त्यस्तो समयावधि भित्र पनि सुधार नगरेमा त्यस्तो सञ्चालक समिति विघटन गर्नसक्नेछ ।

४) उपदफा ३) बमोजिम सञ्चालक समिति विघटन भएमा त्यसरी विघटन गरिएको मितिले तीन महिना भित्रमा अर्को सञ्चालक समितिको निर्वाचन सम्पन्न गराउन र त्यस्तो निर्वाचन नभएसम्म सहकारी संघ, संस्थाको दैनिक कार्य सञ्चालन गर्न दर्ता गर्ने अधिकारीले तोकिए बमोजिमको एक तदर्थ समिति गठन गरी दिनु पर्नेछ ।

५) समिति विघटन भई अर्को समितिको निर्वाचन गराउँदा लागेको



सम्पूर्ण खर्च सम्बन्धित सहकारी संघ, संस्थाले व्यहोर्नेछ ।

**४१. लेखा तथा सुपरीवेक्षण समितिको गठनः**

१) सहकारी संघ, संस्थामा आन्तरिक नियन्त्रण प्रणालीलाई सुदृढ गर्न तोकिए बमोजिमको योग्यता पुगेका एकजना संयोजक र दुईजना सदस्यहरू रहने गरी साधारण सभाले निर्वाचनबाट लेखा तथा सुपरीवेक्षण समिति गठन गर्नेछ ।

२) एउटै परिवारको एकभन्दा बढी व्यक्ति एकै अवधीमा एउटै सहकारी संघ, संस्थाको सञ्चालक वा लेखा तथा सुपरिवेक्षण समितिको संयोजक वा सदस्य पदमा उम्मेदवार बन्न र निर्वाचित हुन सक्ने छैन ।

**४२. लेखा तथा सुपरिवेक्षण समितिको काम, कर्तव्य र अधिकारः**

१) लेखा तथा सुपरिवेक्षण समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) प्रत्येक चौमासिकमा सहकारी संघ, संस्थाको आन्तरिक लेखापरीक्षण गर्ने र गराउने,

(ख) आन्तरिक लेखापरीक्षण गर्दा, गराउदा लेखापरीक्षणका आधारभूत सिद्धान्तको पालना गर्ने र गराउने,

(ग) वित्तीय तथा आर्थिक कारोवारको निरीक्षण तथा मूल्याङ्कन गर्ने र गराउने,

(घ) सञ्चालक समितिको काम कारवाहीको नियमित सुपरिवेक्षण गर्ने र समितिलाई आवश्यक सुझाव दिने,

(ङ) साधारण सभाको निर्देशन, निर्णय तथा समितिका निर्णय कार्यान्वयन भए नभएको अनुगमन गर्ने,

(च) लेखा सम्बन्धी प्रतिवेदन र सञ्चालक समितिको काम कारबाहीको सुपरिवेक्षण सम्बन्धी वार्षिक प्रतिवेदन साधारण सभा समक्ष पेश गर्ने,

(छ) आफूले पटक पटक दिएका सुझाव कार्यान्वयन नभएको कारणबाट सहकारी संघ, संस्थाको हितमा कुनै प्रतिकूल असर परेमा वा त्यस्तो सहकारी संघ, संस्थाको नगद वा जिन्सी सम्पत्तिको

व्यापक रूपमा हिनामिना वा अनियमितता भएको वा सहकारी संघ, संस्था गम्भीर आर्थिक संकटमा पर्न लागेकोमा सोको कारण खुलाई विशेष साधारण सभा बोलाउन सञ्चालक समिति समक्ष सिफारिश गर्ने ।

(ज) आवश्यक परेमा आन्तरिक लेखापरीक्षक नियुक्तिकालागि तीन जनाको नाम सञ्चालक समितिमा सिफारिश गर्ने ।

२) लेखा तथा सुपरिवेक्षण समितिको संयोजक र सदस्य सहकारी संघ, संस्थाको दैनिक आर्थिक प्रशासनिक कार्यमा सहभागी हुन पाउने छैन।

## परिच्छेद-७
## बचत तथा ऋण परिचालन

**४३. सदस्य केन्द्रित भई बचत तथा ऋणको कारोबार गर्नु पर्नेः**

१) सहकारी संघ, संस्थाले आफ्ना सदस्यहरूको मात्र बचत स्वीकार गर्न, सोको परिचालन गर्न र सदस्यलाई मात्र ऋण प्रदान गर्नसक्नेछ ।

२) सदस्यलाई प्रदान गर्ने ऋणमा सेवा शुल्क र नवीकरण शुल्क सम्बन्धित सहकारी संघ, संस्थाको कार्यविधिले तोके बमोजीम हुनेछ ।

३) बचत र ऋणको ब्याजदर बिचको अन्तर छ प्रतिशतभन्दा बढी हुने छैन ।

४) सहकारी संघ, संस्थाले प्रदान गरेको ऋणमा लाग्ने ब्याजलाई मूल ऋणमा पूँजीकृत गरी सोको आधारमा ब्याज लगाउन पाइने छैन ।

५) सहकारी संघ, संस्थाको दायित्वप्रति प्रतिकूल नहुने गरी सहकारी संघ, संस्थाले स्व(प्रयोजनकोलागि अचल सम्पत्ति खरिद तथा पूर्वाधार निर्माण एवं सदस्यहरुको हितमा उत्पादन र सेवाको क्षेत्रमा प्राथमिक पूँजी कोष परिचालन गर्न वाधा पर्ने छैन ।

६) उपदफा २) मा जुनसुकै कुरा लेखिएको भए तापनि सहकारी संघ, संस्थाले यो ऐन प्रारम्भ हुनुअघि दर्ता भएका साना किंसानद्वारा प्रवर्द्धित वित्तीय सहकारी संघ, संस्थाको शेयर खरिद गर्न बाधा पर्नेछैन।



७) सहकारी संघ, संस्थाले प्राथमिक पुँजीको **१५ गुणासम्म** बचत संकलन गर्न सक्ने छ ।

८) सहकारी संघ, संस्थाले दर्ता गर्दाका बखतका सदस्य बाहेक अन्य सदस्यलाई सदस्यता प्राप्त गरेको कम्तीमा **३ महिना** नपुगी र आन्तरिक कार्यविधि विपरित ऋण लगानी गर्न सक्ने छैन ।

## परिच्छेद-९
## आर्थिक स्रोत परिचालन

**४४. शेयर विक्री तथा फिर्ता सम्वन्धी व्यवस्थाः**

१) सहकारी संघ, संस्थाले आफ्नो सदस्यलाई शेयर विक्री गर्नसक्नेछ ।

२। उपदफा १) मा जुनसुकै कुरा लेखिएको भएतापनि सहकारी संघ, संस्थाले एकै सदस्यलाई आफ्नो कुल शेयर पूँजीको बीस प्रतिशतभन्दा बढी हुने गरी शेयर विक्री गर्न सक्ने छैन । तर संघीय सरकार, प्रदेश सरकार वा गाउँपालिकाको पूर्ण वा आंशिक स्वामित्व वा नियन्त्रण भएको सहकारी संघ, संस्था वा निकायको हकमा यो बन्देज लागु हुने छैन ।

३) सहकारी संघ, संस्थाको शेयरको अंकित मूल्य प्रति शेयर एक सय रुपैयाँ हुनेछ ।

४) सहकारी संघ, संस्थाको शेयर पूँजी विनियममा उल्लेख भए बमोजिम हुनेछ ।

५) सहकारी संघ, संस्थाले खुला बजारमा शेयर बिक्री गर्न पाउने छैन ।

६) सहकारी संघ, संस्थाको मूलधनको रुपमा रहेको कुनै सदस्यको शेयर सोही सहकारी संघ, संस्थाको ऋण वा दायित्व बाहेक अन्य कुनै ऋण वा दायित्व वापत लिलाम बिक्री गरिने छैन ।

**४५. रकम फिर्ता तथा खाता सञ्चालन सम्वन्धी व्यवस्थाः**

१) कुनै सदस्यले सहकारी संघ, संस्थाको सदस्यता त्याग गरी रकम फिर्ता लिन चाहेमा निजको कुनै दायित्व भए त्यस्तो दायित्व भुक्तान गरेको मितिले बढीमा तिन महिनाभित्र निजको बाँकी रकम निजलाई फिर्ता गर्नु पर्नेछ ।

२) कुनै सदस्यले सहकारी संघ, संस्थामा जम्मा गरेको बचत फिर्ता मांग गरेमा निजको कुनै दायित्व भए त्यस्तो दायित्व कट्टा गरी बाँकी रकम तोकिए बमोजिम निजलाई फिर्ता गर्नु पर्नेछ।

३) सहकारी संघ, संस्थाले सवै प्रकारका वचत खाताहरु सञ्चालन गर्नसक्नेछ।

**४६. ऋण वा अनुदान लिन सक्ने:**

१) सहकारी संघ, संस्थाले विदेशी बैंक वा वित्तीय सहकारी संघ, संस्था वा अन्य निकायबाट ऋण वा अनुदान लिन वा त्यस्तो निकायसँग साझेदारीमा काम गर्न संघीय कानून वमोजिम स्वीकृती लिनु पर्ने छ।

२) उपदफा १) वमोजिम विदेशी बैङ्क वा निकायबाट ऋण वा अनुदान लिन स्वीकृतीकोलागि तोकिए वमोजिमको विवरणहरु सहित कार्यपालिका कार्यालय समक्ष निवेदन दिनु पर्नेछ।

३) उपदफा २) वमोजिम निवेदन प्राप्त भएमा दर्ता गर्ने अधिकारीले गाउँ सहकारी समन्वय समितिमा प्रस्ताव पेश गर्नु पर्नेछ।

४) उपदफा ३) बमोजिमको प्रस्ताव गाउँ सहकारी समन्वय समितिले उपयुक्त देखेमा स्वीकृतिकोलागि मन्त्रालयमा सिफारिश पठाउनेछ।

**४७. नेपाल सरकारको सुरक्षण प्राप्त गर्न सक्ने:**

१) सहकारी संघ, संस्थाले विदेशी बैङ्क वा निकायसँग लिने ऋणमा सुरक्षण प्राप्त गर्नु पर्ने भएमा संघीय कानून वमोजिम स्वीकृतिकोलागि प्रस्ताव सहित निवेदन दिनु पर्ने छ।

२) दफा १) वमोजिम प्राप्त प्रस्ताव उपयुक्त देखिएमा कार्यपालिकाले संघीय कानून बमोजिम स्वीकृतिकोलागि मन्त्रालयमा सिफारिश गरी पठाउनु पर्नेछ।

## परिच्छेद-१०
## सहकारी संघ, संस्थाको कोष

**४८. सहकारी संघ, संस्थाको कोष:**

सहकारी संघ, संस्थाको कोषमा देहाय बमोजिमको रकम रहनेछ:



१) सदस्यता शुल्क वापत प्रप्त रकम
२) शेयर विक्रीबाट प्राप्त रकम,
३) बचतको रुपमा प्राप्त रकम,
४) व्यज, जरिवाना हर्जना
५) ऋणको रुपमा प्राप्त रकम,
६) नेपाल सरकार तथा नेपाल सरकारका निकाय बाट प्राप्त अनुदान रकम,
७) विदेशी सरकार वा अन्तराष्ट्रिय संघसहकारी संघ, संस्थाबाट प्राप्त अनुदान वा सहायताको रकम,
८) व्यवसायिक कार्यबाट आर्जित रकम,
९) सहकारी संघ, संस्थाको नाममा प्राप्त हुने अन्य जुनसुकै रकम।

**४९. जगेडा कोष:**

१) सहकारी संघ, संस्थामा एक जगेडा कोष रहनेछ।

२) उपदफा १) बमोजिमको कोषमा देहाय बमोजिमका रकम रहनेछन्:

(क) आर्थिक वर्षको कुल बचत रकमको कम्तीमा पच्चीस प्रतिशत रकम,
(ख) कुनै सहकारी संघ, संस्था वा निकायले प्रदान गरेको पूँजीगत अनुदान रकम,
(ग) स्थिर सम्पत्ति विक्रीबाट प्राप्त रकम,
(घ) अन्य स्रोतबाट प्राप्त रकम।

३) उपदफा १) बमोजिमको जगेडा कोष अविभाज्य हुनेछ।

**५०. संरक्षित पूँजी फिर्ता कोष:**

१) सहकारी संघ, संस्थामा एक संरक्षित पूँजी फिर्ता कोष रहनेछ।

२) दफा ४९. बमोजिमको जगेडा कोषमा सो दफाको उपदफा २) को खण्ड (क) बमोजिमको रकम छुट्टयाई बाँकी रहेको रकमको कम्तीमा पच्चीस प्रतिशत रकम उपदफा १) बमोजिमको कोषमा वार्षिक रुपमा जम्मा गर्नु पर्नेछ।

३) उपदफा १) बमोजिमको रकम सदस्यले गरेको संघीय कानूनमा

तोकिए बमोजिमको वार्षिक कारोवारको आधारमा सम्बन्धित सदस्यलाई उपलव्ध गराउनु पर्नेछ ।

**५१. सहकारी प्रवर्द्धन कोष सम्बन्धी व्यवस्था:**

१) सहकारी संघ, संस्थाले सहकारी व्यवसायको प्रवर्धन गर्नकोलागि दफा ४९. बमोजिम जगेडा कोषमा सो दफाको उपदफा २) को खण्ड (क) बमोजिमको रकम छुट्याई बाँकी रहेको रकमको शून्य दशमलव पाँच प्रतिशतले हुन आउने रकम संघीय कानूनमा व्यवस्था भए बमोजिमको सहकारी प्रवर्धन कोषमा वार्षिक रुपमा जम्मा गर्नु पर्नेछ, यस बमोजिमको कोषको उपयोग संघीय कानूनमा व्यवस्था भए बमोजिम हुनेछ ।

२) गाउँपालिकाले गाउँस्तरमा पनि सहकारी प्रवर्द्धन कोष खडा गर्नेछ । यस कोषमा सहकारी संघ, संस्थाको जगेडाकोष पछिको मुनाफाको निश्चित रकम जम्मा गरिनेछ । यसको संकलन र परिचालन तोकिए बमोजिम हुनेछ ।

**५२. अन्य कोष सम्बन्धी व्यवस्था:**

१) दफा ४८, ४९ र ५०, मा उल्लिखित कोषका अतिरिक्त सहकारी संघ, संस्थामा सहकारी शिक्षा कोष, शेयर लाभांश कोष लगायत तोकिए बमोजिमका अन्य कोषहरु रहन सक्ने छन् ।

२) उपदफा १) बमोजिमको कोषको रकम सो कोषको उद्देश्य पूर्तिको लागि विनियममा तोकिए बमोजिम उपयोग गर्न सकिनेछ । तर एक वर्षको शेयर लाभांशको रकम शेयर पूँजीको अठार प्रतिशतभन्दा बढी हुने छैन ।

## परिच्छेद-११
## अभिलेख र सूचना

**५३. अभिलेख राख्नु पर्ने:**

१) सहकारी संघ, संस्थाले साधारण सभा, सञ्चालक समिति तथा लेखा सुपरिबेक्षण समिति बैठकका निर्णय तथा काम कारबाहीको अद्यावधिक



अभिलेख सुरक्षित साथ राख्नु पर्नेछ ।

२) सहकारी संघ, संस्थाले कारोबारसँग सम्बन्धित तथा अन्य आवश्यक अभिलेखहरू तोकिए बमोजिम सुरक्षित साथ राख्नु पर्नेछ ।

**५४. विवरण उपलब्ध गराउनु पर्ने:**

सहकारी संघ, संस्थाले देहायका विवरणहरू सहितको प्रतिवेदन आ.व. समाप्त भएको ३ महिना भित्र कार्यपालिका समक्ष पेश गर्नु पर्नेछ :-

१) कारोबारको चौमासिक र वार्षिक प्रतिवेदन तथा लेखापरीक्षण प्रतिवेदन
२) बार्षिक कार्यक्रम नीति तथा योजना,
३) बचत सम्बन्धी नीति तथा योजना,
४) सञ्चालकको नाम तथा बाँकी कार्यावधिको सूचि,
५) साधारण सभाको बैठक सम्बन्धी जानकारी,
६) शेयर सदस्य संख्या र शेयरपूँजी,
७) सञ्चालक वा सदस्यले लिएको ऋण तिर्न बाँकी रहेको रकम,
८) कार्यपालिकाले समय समयमा तोकिदिएको अन्य विवरण,

## परिच्छेद-१२
## लेखा र लेखापरीक्षण

**५५. कारोवारको लेखा:**

सहकारी संघ, संस्थाको कारोबारको लेखा दोहोरो लेखा प्रणालीमा आधारित र कारोबारको यथार्थ स्थिति स्पष्टरुपमा देखिने गरी संघीय कानून बमोजिम लेखामान (एकाउन्टिङ स्ट्याण्डर्ड) र यस ऐन बमोजिम पालना गर्नुपर्ने अन्य शर्त तथा व्यवस्था बमोजिम राख्नु पर्नेछ ।

**५६. लेखापरीक्षण:**

१) सहकारी संघ, संस्थाले प्रत्येक आर्थिक वर्षको लेखापरीक्षण सो आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र प्रचलित कानून बमोजिम इजाजतपत्र प्राप्त लेखापरीक्षकद्वारा गराउनु पर्नेछ ।

२) उपदफा १) बमोजिमको अवधी भित्र कुनै सहकारी संघ, संस्थाले लेखापरीक्षण हुन नसकेको भनी सहकारी संघ, संस्थाको अनुरोध भई

आएमा दर्ता गर्ने अधिकारीले ३ महिना अवधी थप गरी दिन सक्नेछ।

३) अवधी थप हुदा पनि उक्त अवधीमा लेखापरिक्षण नगराएको पाईएमा दर्ता गर्ने अधिकारीले त्यस्तो सहकारी संघ, संस्थाको लेखा परीक्षण सूचिकृत इजाजतपत्र प्राप्त लेखापरीक्षकबाट गराउन तोकिदिन सक्नेछ।

४) उपदफा ३) बमोजिम लेखापरीक्षण गराउँदा लेखापरीक्षकलाई दिनुपर्ने पारिश्रमिक लगायतको रकम सम्बन्धित सहकारी संघ, संस्थाले व्यहोर्ने छ।

५) उपदफा १) वा २) बमोजिम लेखापरीक्षकले गरेको लेखापरीक्षण प्रतिवेदन अनुमोदनकोलागि साधारण सभा समक्ष पेश गर्नु पर्नेछ।

६) उपदफा ४) बमोजिम पेश भएको लेखापरीक्षण प्रतिवेदन साधारण सभाबाट अनुमोदन हुन नसकेमा पुन लेखापरीक्षणकोलागि साधारण सभाले दफा ५५ को अधीनमा रही अर्को लेखापरीक्षक नियुक्त गर्नेछ।

**५७. लेखापरीक्षकको नियुक्ति:**

१) सहकारी संघ, संस्थाको लेखापरीक्षण सम्बन्धी कार्य गर्न प्रचलित कानून बमोजिम कार्यपालिकामा सूचिकृत इजाजतपत्र प्राप्त लेखापरीक्षकहरू मध्येबाट साधारण सभाले १ जना लेखापरीक्षक नियुक्ति गरी पारिश्रमिक समेत तोक्नेछ।

२) उपदफा १) बमोजिम लेखापरीक्षक नियुक्त गर्दा एउटै व्यक्ति, फर्म वा कम्पनिलाई लगातार तीन आर्थिक वर्षभन्दा बढी हुने गरी नियुक्त गर्न सकिने छैन।

३) यस ऐन अनुसारका सहकारीहरुको लेखा परिक्षक छनोट सूचिमा रहन इजाजतपत्र प्राप्त लेखापरीक्षकहरू कार्यपालिकामा सूचिकृत हुनुपर्नेछ।

४) सूचिकृत हुने सम्वन्धी विधि प्रकृया तेकिए वमोजिम हुनेछ।

**५८. लेखापरीक्षकमा नियुक्त हुन नसक्ने:**

१) देहायका व्यक्ति लेखापरीक्षकमा नियुक्त हुन तथा नियुक्त भई सकेको भए सो पदमा बहाल रहन सक्ने छैन:

(क) सहकारी संघ, संस्थाको सञ्चालक,



(ख) सम्बन्धित सहकारी संघ, संस्थाको सदस्य,

(ग) सहकारी संघ, संस्थाको नियमित पारिश्रमिक पाउने गरी नियुक्त सल्लाहकार वा कर्मचारी,

(घ) लेखापरीक्षण सम्बन्धी कसूरमा सजाय पाई सजाँय पुर गरे पछीको तीन वर्षको अवधी भुक्तान नभएको,

(ङ) दामासाहीमा परेको,

(च) भ्रष्टाचार, ठगी वा नैतिक पतन हुने अन्य फौजदारी कसूरमा सजाय पाएको पाँच वर्ष भुक्तान नभएको,

(छ) सम्वन्धित सहकारी संघ, संस्थासँग स्वार्थ बाझिएको व्यक्ति।

(ज) निजको कार्यदक्षता प्रति गाउँपालिकालाई अन्यथा लागेमा।

२) लेखापरीक्षकले आफू नियुक्त हुनुअघि उपदफा १) बमोजिम अयोग्य नभएको कुरा कार्यपालिका र सहकारी संघ, संस्था समक्ष स्व(घोषणा गर्नुपर्नेछ।

३) कुनै लेखापरीक्षक आफ्नो कार्यकाल समाप्त नहुँदै कुनै सहकारी संघ, संस्थाको लेखापरीक्षण गर्न अयोग्य भएमा वा सहकारी संघ, संस्थाको लेखापरीक्षकको पदमा कायम रहन नसक्ने स्थिति उत्पन्न भएमा निजले लेखापरीक्षण गर्नु पर्ने वा गरीरहेको काम तत्काल रोकी सो कुराको जानकारी लिखित रुपमा सहकारी संघ, संस्थालाई दिनु पर्नेछ।

४) यस दफाको प्रतिकुल हुनेगरी नियुक्त भएको लेखापरीक्षकले गरेको लेखापरीक्षण मान्य हुने छैन।

## परिच्छेद-१३
## छुट,सुविधा र सहुलियत

**५९. छुट, सुविधा र सहुलियत:**

१) सहकारी संघ, संस्थालाई प्राप्त हुने छुट, सुविधा र सहुलियत संघीय तथा प्रदेश कानूनमा व्यवस्था भए बमोजिम नघट्ने गरी हुनेछ।

२) उपदफा १) मा उल्लेखित छुट, सुविधा र सहुलियत बाहेक सहकारी संघ, संस्थालाई प्राप्त हुने अन्य छुट, सुविधा र सहुलियत तोकिए बमोजिम हुनेछ।

## परिच्छेद-१४
## ऋण असुली तथा बाँकी बक्यौता

**६०. ऋण असूल गर्ने:**

१) कुनै सदस्यले सहकारी संघ, संस्थासँग गरेको ऋण सम्झौता वा शर्त कबुलियतको पालना नगरेमा, लिखतको भाखाभित्र ऋणको सावाँ, ब्याज र हर्जाना चुक्ता नगरेमा वा ऋण लिएको रकम सम्बन्धित काममा नलगाई हिनामिना गरेको देखिएमा त्यस्तो सदस्यले ऋण लिंदा राखेको धितोलाई सम्बन्धित सहकारी संघ, संस्थाले लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी आफ्नो साँवा, ब्याज र हर्जाना असूल उपर गर्नसक्नेछ । धितो सम्बन्धित सहकारी संघ, संस्थाले सकारे पश्चात पनि ऋणीले साँवा ब्याज दुवै भुक्तानी गरी धितो बापतको सम्पत्ति ३ महिना भित्र फिर्ता लिन चाहेमा सम्बन्धीत संघहरुको रोहोबारमा औचित्यको आधारमा फिर्ता गर्नुपर्नेछ ।

२) कुनै सदस्यले सहकारी संघ, संस्थामा राखेको धितो कुनै किसिमले कसैलाई हक छोडिदिएमा वा अन्य कुनै कारणबाट त्यस्तो धितोको मूल्य घट्न गएमा त्यस्तो ऋणीलाई निश्चित म्याद दिई थप धितो सुरक्षण राख्न लगाउन सकिनेछ ।

३) उपदफा २) बमोजिम ऋणीले थप धितो नराखेमा वा उपदफा (१) वा (२) बमोजिमको धितोबाट पनि साँवा, ब्याज र हर्जानाको रकम असूल उपर हुन नसकेमा त्यस्तो ऋणीको हक लाग्ने अन्य जायजेथाबाट पनि साँवा, ब्याज र हर्जाना असूल उपर गर्न सकिनेछ ।

४) साँवा, ब्याज र हर्जना असूल उपर गर्दा लागेको खर्चको रकम तथा असूल उपर भएको साँवा, ब्याज र हर्जानाको रकम कट्टा गरी बाँकी रहन आएको रकम सम्बन्धित ऋणीलाई फिर्ता दिनु पर्नेछ ।

५) कुनै सहकारी संघ, संस्थाले ऋणीको धितो वा अन्य जायजेथा लिलाम बिक्री गर्दा लिलाम सकार्ने व्यक्तिको नाममा सो धितो वा जायजेथा प्रचलित कानून बमोजिम रजिष्ट्रेशन वा दाखिल खारेज गर्नकोलागि



सम्बन्धित कार्यालयमा लेखी पठाउनेछ, सम्बन्धित कार्यालयले पनि सोही बमोजिम रजिष्ट्रेशन दाखिल खारेज गरी सोको जानकारी सम्बन्धित सहकारी संघ, संस्थालाई दिनु पर्नेछ ।

६) धितो राखेको सम्पत्ति लिलाम बिक्री गर्दा कसैले सकार नगरेमा त्यस्तो सम्पत्ति सम्बन्धित सहकारी संघ, संस्था आफैंले सकार गर्नसक्नेछ।

७) उपदफा ६) बमोजिम आफैंले सकार गरेमा त्यस्तो सम्पत्ति सम्बन्धित सहकारी संघ, संस्थाको नाममा रजिष्ट्रेशन वा दाखिल खारेज गर्न सम्बन्धित कार्यालयमा लेखी पठाउनेछ र त्यसरी लेखी आएमा सम्बन्धित कार्यालयले सोही बमोजिम रजिष्ट्रेशन वा दाखिल खारेज गरी दिनु पर्नेछ ।

**६१. कालो सूचि सम्बन्धी व्यवस्था:**
सहकारी संघ, संस्थाबाट ऋण लिई रकमको अपचलन गर्ने वा समय सिमा भित्र ऋणको साँवा ब्याज फिर्ता नगर्ने व्यक्तिको नामनामेशी सहित कालोसूचि प्रकाशन सम्वन्धी व्यवस्था संघीय कानून बमोजिम हुनेछ ।

**६२. कर्जा सूचना केन्द्र सम्बन्धी व्यवस्था:**
कर्जा सूचना केन्द्र सम्बन्धी व्यवस्था संघीय कानून बमोजिम हुनेछ ।

**६३. ऋण असुली न्यायधिकरणको गठन**
ऋण असुली न्यायधिकरणको गठन तथा अन्य व्यवस्था संघीय कानूनमा तोकिए बमोजिम हुनेछ ।

**६४ बाँकी बक्यौता असूल उपर गर्ने:**
कसैले सहकारी संघ, संस्थालाई तिर्नु बुझाउनु पर्ने रकम नतिरी बाँकी राखेमा त्यस्तो रकम र सोको ब्याज समेत सहकारी संघ, संस्थाले त्यस्तो व्यक्तिको जायजेथाबाट असूल उपर गर्नसक्नेछ । बाँकी बक्यौता असूल उपरकालागि दर्ता गर्ने अधिकारीले सम्बन्धीत सहकारी संघ, संस्थालाई सहयोग पुऱ्याउनु पर्नेछ ।

**६५. रोक्का राख्न लेखी पठाउने:**

१) सहकारी संघ, संस्था वा दर्ता गर्ने अधिकारीले दफा ६०. र ६४. को प्रयोजनकोलागि कुनै व्यक्तिको खाता, जायजेथाको स्वामित्व हस्तान्तरण, नामसारी वा विक्री गर्न नपाउने गरी रोक्का राख्न सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ ।

२) उपदफा १) बमोजिम रोक्काकोलागि लेखी आएमा सम्बन्धित निकायले प्रचलित कानून बमोजिम त्यस्तो व्यक्तिको खाता, जायजेथाको स्वामित्व हस्तान्तरण, नामसारी वा बिक्री गर्न नपाउने गरी रोक्का राखी दिनु पर्नेछ ।

**६६. अग्राधिकार रहने:**

कुनै व्यक्तिले सहकारी संघ, संस्थालाई तिर्नु पर्ने ऋण वा अन्य कुनै दायित्व नतिरेमा त्यस्तो व्यक्तिको जायजेथामा नेपाल सरकारको कुनै हक दाबी भए त्यसकोलागि रकम छुट्टाई बाँकी रहन आएको रकममा सहकारी संघ, संस्थाको अग्राधिकार रहनेछ ।

**६७. कार्यवाही गर्न बाधा नपर्ने:**

सहकारी संघ, संस्थाले ऋण असुली गर्ने सम्बन्धमा कुनै व्यक्ति वा सहकारी संघ, संस्था उपर चलाएको कुनै कारवाहीका कारणबाट त्यस्तो व्यक्ति वा सहकारी संघ, संस्था उपर यस ऐन तथा प्रचलित कानून बमोजिमको कुनै कसूरमा कारवाही चलाउन रोक लगाएको मानिनेछैन ।

## परिच्छेद-१५
## एकीकरण, बिघटन तथा दर्ता खारेज

**६८. एकीकरण तथा विभाजन सम्वन्धी व्यवस्था:**

१) यस ऐनको अधिनमा रही दुई वा दुईभन्दा बढी सहकारी संस्थाहरु एक आपसमा गाभी एकीकरण गर्न वा एक संस्थालाई भौगोलिक कार्य क्षेत्रको आधारमा दुई वा दुईभन्दा बढी संस्थामा विभाजन गर्न सकिनेछ ।

२) उपदफा १) बमोजिम एकीकरण वा विभाजन गर्दा सम्बन्धित संस्थाको कुल कायम रहेका सदस्य संख्याको दुई तिहाइ बहुमतबाट निर्णय हुनु



पर्नेछ ।

३) उपदफा २) बमोजिम एकीकरण वा विभाजन गर्ने निर्णय गर्दा एकीकरण वा विभाजनका शर्त र कार्यविधि समेत खुलाउनु पर्नेछ ।

४) एकिकरण वा विभाजन सम्वन्धी अन्य व्यवस्था सहकारी संस्थाको कार्यविधिमा तोकीए वमोजीम हुनेछ ।

**६९. विघटन र दर्ता खारेज:**

१) कुनै सहकारी संघ, संस्थामा देहायको अवस्था विद्यमान भएमा साधारण सभाको तत्काल कायम रहेका दुई तिहाइ बहुमत सदस्यको निर्णयबाट त्यस्तो सहकारी संघ, संस्थाको विघटन गर्ने निर्णय गरी दर्ता खारेजीको स्वीकृतिकालागि सञ्चालक समितिले कार्यपालिका समक्ष निवेदन दिनसक्नेछ:

(क) विनियममा उल्लिखित उद्देश्य तथा कार्य हासिल गर्न सम्भव नभएमा,

(ख) सदस्यको हित गर्न नसक्ने भएमा ।

२) उपदफा १) बमोजिम प्राप्त निवेदनमा छानविन गर्दा त्यस्तो सहकारी संघ, संस्थाको विघटन गर्न उपयुक्त देखिएमा कार्यपालिकाले त्यस्तो सहकारी संघ, संस्थाको दर्ता खारेज गर्नसक्नेछ ।

३) उपदफा २) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिकाले देहायको अवस्थामा मात्र सहकारी संघ, संस्थाको दर्ता खारेज गर्नसक्नेछ:-

(क) लगातार दुई वर्षसम्म कुनै कारोबार नगरी निष्कृय रहेको पाइएमा,

(ख) कुनै सहकारी संघ, संस्थाले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावली विपरीतको कार्य बारम्बार गरेमा,

(ग) विनियममा उल्लिखित उद्देश्य विपरीत कार्य गरेमा,

(घ) सहकारी मूल्य, मान्यता र सिद्धान्त विपरीत कार्य गरेमा ।

४) उपदफा २) वा ३) बमोजिम दर्ता खारेज गर्नु अघि दर्ता गर्ने अधिकारीले त्यस्तो सहकारी संघ, संस्थालाई सुनुवाईकोलागि पैतिस दिनको समय दिनु पर्नेछ ।

५) उपदफा २) वा ३) बमोजिम सहकारी संघ, संस्थाको दर्ता खारेज भएमा त्यस्तो सहकारी संघ, संस्था विघटन भएको मानिनेछ

६) उपदफा २) वा ३) बमोजिम सहकारी संघ, संस्थाको दर्ता खारेजी भएमा त्यस्तो सहकारी संघ, संस्थाको दर्ता प्रमाणपत्र स्वतः रद्द भएको मानिनेछ ।

**७०. लिक्वीडेटरको नियुक्ति:**

१) दफा ६९. बमोजिम कुनै सहकारी संघ, संस्थाको दर्ता खारेज भएमा दर्ता गर्ने अधिकारीले लिक्वीडेटर नियुक्त गर्नेछ ।

२) उपदफामा १) मा जुनसुकै कुरा लेखिएको भएतापनि संघीय कानूनमा तोकिएको सीमा सम्मको सम्पत्ति भएको सहकारी संघ, संस्थाको हकमा दर्ता गर्ने अधिकारीले कुनै अधिकृत स्तरका कर्मचारीलाई लिक्वीडेटर नियुक्ति गर्नसक्नेछ ।

**७१. लिक्वीडेशन पछिको सम्पतिको उपयोग:**

कुनै सहकारी संघ, संस्थाको लिक्वीडेशन पश्चात सबै दायित्व भुक्तान गरी बाँकी रहन गएको सम्पत्तिको उपयोग संघीय कानूनमा तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद-१६
## दर्ता गर्ने अधिकारी

**७२. दर्ता गर्ने अधिकारी:**

१) यस ऐन अन्तर्गत दर्ता गर्ने अधिकारीले गर्नुपर्ने कार्यहरू करैयामाई गाउँपालिकाको कार्यपालिका र प्रमुख प्रशासकीय अधिकृतले गर्नेछ ।

२) उपदफा १) बमोजिमको दर्ता गर्ने अधिकारीले यस ऐन बमोजिम आफूमा रहेको कुनै वा सम्पूर्ण अधिकार आफू मातहतको कर्मचारीलाई प्रत्यायोजन गर्नसक्नेछ ।

**७३. काम, कर्तव्य र अधिकार:**

यस ऐनमा अन्यत्र उल्लिखित काम, कर्तव्य तथा अधिकारको अतिरिक्त दर्ता गर्ने अधिकारीको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।



## परिच्छेद-१७
## गाउँपालिका सहकारी समन्वय समिति सम्वन्धी व्यवस्था

**७४. गाउँपालिका सहकारी समन्वय समिति:**

१) गाउँपालिकामा दर्ता भई गाउँपालिका क्षेत्रभित्र सञ्चालन हुने सम्पूर्ण सहकारी संघ, संस्थाहरुको रेखदेख, समन्वय, व्यवस्थाप र नियमन र करैयामाई गाउँपालिका समेत कार्यक्षेत्र भई अन्यत्र दर्ता भएको सहकारी संघ, संस्थाले करैयामाई गाउँपालिकामा गर्ने कामको रेखदेख, समन्वय, व्यवस्थापन, नया सहकारी संघ, संस्था दर्ता तथा नियमनकालागि देहाय बमोजिमको गाउँपालिका सहकारी समन्वय समिति रहनेछ:

(क) गाउँपालिकाको अध्यक्ष — संयोजक

(ख) गाउँपालिकाको उपाध्येक्ष — सदस्य

(ग) गाउँ कार्यपालिकाकाबाट कम्तीमा १ (एक) महिला सहित २ जना — सदस्य

(घ) गाउँ सभा सदस्यहरुमध्येबाट कम्तीमा १ (एक) महिला सहित २ जना — सदस्य (गाउँपालिकाको अध्यक्षले तोकेको)

(ङ) प्रमुख प्रशासकीय अधिकृत — सदस्य सचिव

२) उपदफा १) अनुसार गठित समितिको (ग) र (घ) अनुसार प्रतिनिधित्व गर्ने सदस्यको पदावधि २ (दुई)वर्षको हुनेछ ।

३) समितिको सवै पद पुर्ती नभएका कारण समतिलाई काम गर्न वाधा पुगेको वा गणपुरक संख्या नपुगेको मानिने छैन ।

**७५. गाउँपालिका सहकारी समन्वय समितिको काम, कर्तव्य र अधिकार:**

गाउँपालिका सहकारी समन्वय समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:

१) गाउँपालिका भित्र सहकारी संघ, संस्था दर्ता, संञ्चालन, व्यवस्थापन, क्षमता विकास र नियमन योजना तयार गर्ने,

२) गाउँपालिका क्षेत्र भित्र सहकारी संस्था, विषयगत सहकारी संघ,

गाउँपालिकाको सहकारी संघ स्थापना सञ्चालन व्यवस्थापन, एकिकरण विघटन अनुमति, स्वीकृति, सिफारिशकालागि प्राप्त आवेदन तथा उजुरी उपर छानविन, स्थलगत निरिक्षण लगायत कार्य गरी सोको प्रतिवेदन कार्यपालिकामा र कार्यपालिका मार्फत गाउँ सभामा पेश गर्ने,

३) सहकारीहरुको क्षमता, शिप र दक्षता अभिवृद्धीकालागि आवश्यक आर्थिक अनुदान तथा स्रोतको खोजी गर्ने ।

४) सहकारी संघ, संस्था, संञ्चालन व्यवस्थापन, संञ्चालक तथा सदस्यहरुको क्षमता विकास र आय आर्जनकोलागि सहजिकरण गर्ने।

५) विशिष्टिकृत सहकारी निर्माणमा सहयोग पुर्‍याउने ।

६) करैयामाई गाउँपालिकामा दर्ता भई सञ्चालनमा रहेका सहकारी संघ, संस्थाहरुले तोकिएको शर्त अनुरुप कार्य गरे नगरेको अनुगमन गर्ने व्यवस्था मिलाउने ।

७) सञ्चालक समितिलाई निर्देशन दिने, जागरुक र सचेत गराउने, गुणस्तर कायम राख्न सूचक निर्धारण गर्ने र प्रगति मूल्याङ्कन गर्ने । सेवाका आधारमा आवश्यक प्रोत्साहन, नसिहत र दण्ड गर्ने सुचकहरु वनाई लागु गराउने ।

८) अन्य तोकिए बमोजिमका कार्यहरू गर्ने ।

**७६. सहकारी समन्वय समितिको बैठक र कार्यप्रक्रिया:**

१) समन्वय समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

२) समितिको बैठक भत्ता तोकिए बमोजिम हुनेछ ।

३) वैठक संञ्चालन विधि र प्रकृया समितिले आफै निर्धारण गरे वमोजिम हुनेछ ।

## परिच्छेद-१८
## निरिक्षण तथा अनुगमन

**७७. निरीक्षण तथा अभिलेख जाँच गर्ने:**

१) समन्वय तथा अनुगमन समितिले जुनसुकै वखत सहकारी संघ, संस्थाको निरीक्षण तथा हिसाव जाूच गर्न र गराउन सक्नेछ ।



२) नेपाल राष्ट्र बैङ्कले जुनसुकै वखत तोकिएको भन्दा बढी आर्थिक कारोवार गर्ने सहकारी संघ, संस्थाको हिसाव किताव वा वित्तीय कारोवारको निरीक्षण वा जाँच गर्न, गराउन सक्नेछ ।

३) उपदफा २) को प्रयोजनकोलागि नेपाल राष्ट्र बैङ्कले आफ्ना कुनै अधिकारी वा विशेषज्ञ खटाई आवश्यक विवरण वा सूचनाहरू सहकारी संघ, संस्थाबाट झिकाई निरीक्षण तथा सुपरीवेक्षण गर्नसक्नेछ ।

४) उपदफा १) वा २) बमोजिम निरीक्षण वा हिसाब जाँच गर्दा दर्ता गर्ने अधिकारी वा नेपाल राष्ट्र बैङ्कको अधिकार प्राप्त अधिकृतले माग गरेको जानकारी सम्बन्धित सहकारी संघ, संस्थाले उपलब्ध गराउनु पर्नेछ ।

५) उपदफा १) वा २) बमोजिम निरीक्षण वा हिसाब जाँच गर्दा कुनै सहकारी संघ, संस्थाको कामकारबाही यस ऐन र अन्तर्गत बनेको नियमावली, निर्देशिका, मापदण्ड वा कार्यविधि बमोजिम नभएको पाइएमा दर्ता गर्ने अधिकारी वा नेपाल राष्ट्र बैङ्कले सम्बन्धित सहकारी संघ, संस्थालाई आवश्यक निर्देशन दिन सक्नेछ । त्यस्तो निर्देशनको पालना गर्नु त्यस्तो सहकारी संघ, संस्थाको कर्तव्य हुनेछ ।

६) नेपाल राष्ट्र बैङ्कले यस दफा बमोजिम सहकारी संघ, संस्थाको निरीक्षण तथा सुपरीवेक्षण गर्दा नेपाल राष्ट्र बैङ्कले प्रचलित कानून बमोजिमको अधिकार प्रयोग गर्नसक्नेछ ।

७) यसरी सहकारी संघ, संस्थाको निरीक्षण तथा सुपरीवेक्षण गर्दा प्राप्त हुन आएको जानकारी नेपाल राष्ट्र बैङ्कले गाउँपालिकालाई उपलब्ध गराउनु पर्नेछ ।

**७८. छानविन गर्न सक्ने:**

१) कुनै सहकारी संघ, संस्थाको व्यवसायिक कारोबार सन्तोषजनक नभएको, सदस्यको हित विपरीत काम भएको वा सो सहकारी संघ, संस्थाको उद्देश्य विपरीत कार्य गरेको भनी त्यस्तो सहकारी संघ, संस्थाको कम्तीमा वीस प्रतिशत सदस्यले छानविनकोलागि निवेदन दिएमा दर्ता गर्ने अधिकारीले त्यस्तो सहकारी संघ, संस्थाको छानविन

गर्न, गराउन सक्नेछ ।

२) उपदफा १) बमोजिम छानबिन गर्दा माग गरेको विवरण वा कागजात उपलब्ध गराई सहयोग गर्नु सम्बन्धित सञ्चालक समितिको कर्तव्य हुनेछ ।

३) उपदफा १) वा २) बमोजिम गरिएको छानविनको जानकारी सम्बन्धित सहकारी संघ, संस्थालाई लिखित रुपमा दिनु पर्नेछ ।

**७९. बचत तथा ऋणको कारोबार गर्ने सहकारी संघ, संस्था को निरीक्षण तथा अनुगमन सम्वन्धी विशेष व्यवस्था:**

१) बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संघ, संस्थाले तोकिए बमोजिम अनुगमन प्रणाली अवलम्बन गर्नु पर्नेछ ।

२) दर्ता गर्ने अधिकारीले बचत तथा ऋणको कारोबार गर्ने सहकारी संघ, संस्थाको तोकिए बमोजिमको अनुगमन प्रणालीमा आधारित भई निरीक्षण तथा अनुगमन गर्नेछ ।

३) उपदफा २) बमोजिम सहकारी संघ, संस्थाको निरीक्षण तथा अनुगमन गर्दा दर्ता गर्ने अधिकारीले आवश्यकता अनुसार राष्ट्रिय सहकारी महासंघ तथा सम्वन्धित संघ लगायतका निकायहरुको सहयोग लिन सक्नेछ ।

४) यस ऐनमा अन्यत्र जेसुकै लेखिएको भएतापनि संघीय कानून बमोजिम मन्त्रालयले र राष्ट्रिय सहकारी महासंघ तथा सम्वन्धित विषयत संघहरुले सहकारी संघ, संस्थाहरुको अनुगमन तथा निरक्षण गर्न सक्नेछन ।

५) कुनै सहकारी संघ, संस्थाले यसका सदस्य वा ऋणीलाई प्रत्यक्ष वा परोक्ष रुपमा कानून विपरित काम गरेको भन्ने जानकारी प्राप्त भएमा निज सदस्य वा ऋणीको कानून वमोजिमको हित रक्षाकोलागि कानून वमोजिमको कुनै पनि कार्य गर्न सकिने छ ।

**८०. वार्षिक प्रतिवेदन पेश गर्नुपर्ने:**

१) प्रमुख प्रशासकीय अधिकृतले आर्थिक वर्ष समाप्त भएको मितिले ४ महिनाभित्र देहायका विवरणहरू खुलाई सहकारी संघ, संस्थाको स्विकृती,



निरीक्षण, नियमन सम्बन्धी वार्षिक प्रतिवेदन अध्यक्ष मार्फत कार्यपालिका बैठक समक्ष पेश गर्नु पर्नेछ ।

२) उपदफा १) बमोजिमको प्रतिवेदनमा देहायका विवरणहरू खुलाउनु पर्नेछ:

(क) सञ्चालनमा रहेका सहकारी संघ, संस्थाको विवरण,

(ख) अनुगमन गरिएका सहकारी संघ, संस्थाको संख्या तथा आर्थिक कारोवारको विवरण,

(ग) सहकारी संघ, संस्थामा सहकारी सिद्धान्त र यस ऐन अन्तर्गत बनेको नियम, विनियम तथा आन्तरिक कार्यविधीको पालनाको अवस्था,

(घ) सहकारी संघ, संस्थाका सदस्यले प्राप्त गरेको सेवा सुविधाको अवस्था,

(ङ) सहकारी संघ, संस्थाको क्रियाकलापमा सदस्यको सहभागिताको स्तर अनुपात,

(च)सहकारी संघ, संस्थालाई गाउँपालिकाबाट प्रदत वित्तीय अनुदान तथा छुट सुविधाको सदुपयोगको अवस्था,

(छ) सहकारी संघ, संस्थाको आर्थिक क्रियाकलाप तथा वित्तीय अवस्था सम्बन्धी तोकिए बमोजिमका विवरण,

(ज) सहकारी संघ, संस्थामा आन्तरिक नियन्त्रण प्रणालीको अवस्था,

(झ) सहकारी संघ, संस्थामा सुशासन तथा जिम्मेवारीको अवस्था,

(ञ) सहकारी संघ, संस्थामा रहेका कोषको विवरण,

(ट) संरक्षित पूँजी फिर्ता कोष वितरणको अवस्था,

(ठ) सहकारीको नीति निर्माणमा सहयोग पुग्ने आवश्यक कुराहरू,

(ड) सहकारी संघ, संस्थाको दर्ता, खारेजी तथा विघटन सम्बन्धी विवरण,

(ढ) सहकारी संघ, संस्थाले सञ्चालन गरेको दफा १२ बमोजिमको कारोवार, व्यवसाय, उद्योग वा परियोजनाको विवरण,

(ण) तोकिए बमोजिमका अन्य विवरण ।

**८१. सहकारी वचत तथा कर्जा सुरक्षण कोष:**

सहकारी वचत तथा कर्जा सुरक्षण कोषको सञ्चालन तथा व्यवस्थापन संघीय कानून तथा कार्यपालिकाले तोके बमोजिम हुनेछ,

**८२. आपसी सुरक्षण सेवा सञ्चालन सम्बन्धी व्यवस्था:**

१) सहकारी संघ, संस्थाले संघीय कानूनमा व्यवस्था भएबमोजिम आफ्ना सदस्यहरु, सदस्यका बालीनाली, वस्तुभाउ तथा पशुपंछी लगायतका उत्पादन तथा सेवामा भएको क्षतिको अंशपूर्ति गर्ने गरी आपसी सुरक्षण सेवा सञ्चालन गर्नसक्नेछ ।

२) उपदफ १) वमोजीम आपसी सुरक्षण सेवा सञ्चालन गर्न सहकारी संघ, संस्थाको न्यूनतम मापदण्ड अन्य व्यवस्था संघीय कानूनमा तोकिए बमोजिम हुनेछ ।

**८३. स्थिरीकरण कोष सम्बन्धी व्यवस्था:**

बचत तथा ऋण विषयगत सहकारी संघ, संस्थाहरू सम्भावित जोखिमबाट संरक्षणकालागि संघीय कानूनमा व्यवस्था भएबमोजिम खडा हुने स्थिरीकरण कोषमा सहभागी हुन सक्नेछन ।

## परिच्छेद-१९

## समस्याग्रस्त सहकारी संघ, संस्थाको व्यवस्थापन

**८४. सहकारी संघ, संस्था समस्याग्रस्त भएको घोषणा गर्न सकिने:**

१) यस ऐन बमोजिम गरिएको निरीक्षण वा हिसाब जाँचबाट कुनै सहकारी संघ, संस्थामा देहायको अवस्था विद्यमान रहेको देखिएमा संघीय कानूनमा व्यवस्था भए बमोजिम त्यस्तो सहकारी संघ, संस्थालाई समस्याग्रस्त सहकारी संघ, संस्थाको रुपमा घोषणा गर्न सकिनेछ:

(क) सदस्यको हित विपरीत हुने गरी कुनै कार्य गरेको,

(ख) सहकारी संघ, संस्थाले पुरा गर्नुपर्ने वित्तीय दायित्व पूरा नगरेको वा भुक्तानी गर्नुपर्ने दायित्व भुक्तानी गर्न नसकेको वा भुक्तानी गर्न नसक्ने अवस्था भएको,

(ग) सदस्यहरूको बचत निर्धारित शर्त बमोजिम फिर्ता गर्न नसकेको,



(घ) यस ऐन र अन्तर्गत बनेको नियमावली तथा सम्बन्धित विनियम विपरीत हुने गरी सहकारी संघ, संस्था सञ्चालन भएको,

(ङ) सहकारी संघ, संस्था दामासाहीमा पर्न सक्ने अवस्थामा भएको वा उल्लेखनीय रुपमा गम्भीर आर्थिक कठिनाई भोगिरहेको,

(च) सहकारी संघ, संस्थाले कुनै सदस्यको बचत रकम फिर्ता गर्नु पर्ने अवधीमा फिर्ता नगरेको भनी त्यस्तो सहकारी संघ, संस्थाका कम्तीमा २५ जना सदस्यहरूले दर्ता गर्ने अधिकारी समक्ष निवेदन दिएकोमा छानविन गर्दा खण्ड (क) देखि (ङ) सम्मको कुनै अवस्था विद्यमान भएको देखिएको ।

२) उपदफा १) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रचलित कानून बमोजिम गठन गरेको आयोगले कुनै सहकारी संघ, संस्थालाई समस्याग्रस्त सहकारी संघ, संस्था घोषणा गर्न सिफारिश गरेमा वा समस्याग्रस्त भनी पहिचान गरेकोमा वा त्यस्तो आयोगमा परेको उजुरी संख्या, औचित्य समेतको आधारमा त्यस्तो सहकारी संघ, संस्थालाई समस्याग्रस्त सहकारी संघ, संस्था घोषणा गर्नसक्नेछ ।

**८५. व्यवस्थापन समितिको गठन:**

१) दफा ८४. बमोजिम समस्याग्रस्त सहकारी संघ, संस्था घोषणा भएकोमा त्यस्तो सहकारी संघ, संस्थाको सम्पत्ति व्यवस्थापन तथा दायित्व भुक्तानी सम्बन्धी कार्यकालागि व्यवस्थापन समितिको गठन गरिनेछ ।

२) यस्तो व्यवस्थापन समिति गाउँपालिका सहकारी अनुगमन तथा समन्वय समितिको प्रस्तावमा कार्यपालिकाले गठन गर्नेछ ।

३) उपदफा १) बमोजिम गठित व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद-२०

## कसूर, दण्ड जरिवाना तथा पुनराबेदन

**८६. कसूर गरेको मानिने:**

कसैले देहायको कुनै कार्य गरेमा यस ऐन अन्तर्गतको कसूर गरेको मानिनेछ:

१) दर्ता नगरी वा खारेज भएको सहकारी संघ, संस्था सञ्चालन गरेमा वा कुनै व्यक्ति, फर्म वा कम्पनिले आफनो नाममा सहकारी शब्द वा सो शब्दको अंग्रेजी रुपान्तरण राखी कुनै कारोबार, व्यवसाय, सेवा प्रवाह वा अन्य कुनै कार्य गरेमा,

२) यस ऐन र अन्तर्गत बनेको नियमावली तथा सम्बन्धित विनियम बमोजिम बाहेक अन्य कुनै पनि प्रयोजनकोलागि सदस्यको बचत प्रयोग गरेमा,

३) तोकिएको भन्दा बढी रकम ऋण प्रदान गर्दा जमानत वा सुरक्षण नराखी ऋण प्रदान गरेमा,

४) सञ्चालक समितिको सदस्य, व्यवस्थापक वा कर्मचारीले सहकारी संघ, संस्थाको सम्पत्ति, बचत वा शेयर रकम हिनामिना गरेमा,

५) ऋण असुल हुन नसक्ने गरी समितिका कुनै सदस्य, निजको नातेदार वा अन्य व्यक्ति वा कर्मचारीलाई ऋण दिई रकम हिनामिना गरेमा,

६) सञ्चालक समितिका कुनै सदस्यले एक्लै वा अन्य सदस्यको मिलोमतोमा सहकारी संघ, संस्थाको शेयर वा बचत रकम आफुखुसी परिचालन गरी सहकारी संघ, संस्थालाई हानी नोक्सानी पुऱ्याएमा,

७) झुट्टा वा गलत विवरण पेश गरी कर्जा लिएमा, राखेको धितो कच्चा भएमा वा ऋण हिनामिना गरेमा,

८) सहकारी संघ, संस्थाले यस ऐन र अन्तर्गत बनेका नियमावली तथा सम्बन्धित विनियम विपरित लगानी गरेमा वा लगानी गर्ने उद्देश्यले रकम उठाएमा,

९) कृत्रिम व्यवसाय खडा गरी वा गराई ऋण लिएमा वा दिएमा,

१०) धितोको अस्वाभाविक रुपमा बढी मूल्याङ्कन गरी ऋण लिएमा वा दिएमा,

११) झुट्टा विवरणको आधारमा परियोजनाको लागत अस्वाभाविक रुपमा बढाई बढी ऋण लिएमा वा दिएमा,

१२) कुनै व्यक्ति वा सहकारी संघ, संस्थालाई एक पटक दिइसकेको



सुरक्षण रितपूर्वक फुकुवा नभई वा सो सुरक्षणले खामेको मूल्यभन्दा बढी हुनेगरी सोही सुरक्षण अन्य सहकारी संघ, संस्थामा राखी पुन: ऋण लिए वा दिएमा,

१३) जुन प्रयोजनकोलागि ऋण सुविधा लिएको हो सोही प्रयोजनमा नलगाई अन्यत्र प्रयोग गरे वा गराएमा,

१४) सहकारी संघ, संस्थाको कुनै कागजात वा खातामा लेखिएको कुनै कुरा कुनै तरिकाले हटाइ वा उडाइ अर्कै अर्थ निस्कने व्यहोरा पारी मिलाई लेख्ने वा अर्को भिन्नै श्रेस्ता राख्ने जस्ता काम गरेबाट आफूलाई वा अरु कसैलाई फाइदा वा हानि नोक्सानी गर्ने उद्देश्यले कीर्ते गर्न वा अर्काको हानि नोक्सानी गर्ने उद्देश्यले नगरेको वा नभएको झुट्टा कुरा गरे वा भएको हो भनी वा मिति, अङ्क वा व्यहोरा फरक पारी सहीछाप गरी गराई कागजात बनाई वा बनाउन लगाई जालसाजी गरे वा गराएमा,

१५) ऋणको धितो स्वरुप राखिने चल अचल सम्पत्ति लिलाम बिक्री वा अन्य प्रयोजनकोलागि मूल्याङ्कन गर्दा मूल्याङ्कनकर्ताले बढी, कम वा गलत मूल्याङ्कन गरी सहकारी संघ, संस्थालाई हानी नोक्सानी पुऱ्याउने कार्य गरे वा गराएमा,

१६) सहकारी संघ, संस्थालाई हानी नोक्सानी पुऱ्याउने उद्देश्यले कसैले कुनै काम गराउन वा नगराउन, मोलाहिजा गर्न वा गराउन, कुनै किसिमको रकम लिन वा दिन, बिना मूल्य वा कम मूल्यमा कुनै माल, वस्तु वा सेवा लिन वा दिन, दान, दातव्य, उपहार वा चन्दा लिन वा दिन, गलत लिखत तयार गर्न वा गराउन, अनुवाद गर्न वा गराउन वा गैर कानूनी लाभ वा हानी पुऱ्याउने बदनियतले कुनै कार्य गरे वा गराएमा,

१७) सहकारी संघ, संस्था वा सोको सदस्य वा बचतकर्ता वा ती मध्ये कसैलाई हानी नोक्सानी पुग्ने गरी लेखा परीक्षण गरे गराएमा वा लेखापरीक्षण गरेको झुट्टो प्रतिवेदन तयार पारेमा वा पार्न लगाएमा ।

**८७. सजाय:**

यस ऐनमा तोकिएका तथा प्रचलित कानूनले गर्न नहुने भनी गरिएका कार्यको हानी र बिगार अनुसारको कसूर गरेमा संघीय कानून अनुसार

बिगो, जरिवाना, कैद तथा अन्य सजायं हुनेछ ।

**८८. रोक्का राख्ने:**

१) कार्यपालिकाले सम्बन्धित सहकारी संघ, संस्थालाई दफा ८७. बमोजिम जरिवाना गर्नुका अतिरिक्त तीन महिनासम्म त्यस्तो सहकारी संघ, संस्थाको कारोवार, सम्पति तथा बैङ्क खाता रोक्का राख्ने तथा सम्पत्ति रोक्का राख्न सम्बन्धित निकायलाई सिफारिश गर्न सक्नेछ ।

२) उपदफा १) बमोजिमको सिफारिश प्राप्त भएमा सम्वन्धित निकायले त्यस्तो सहकारी संघ, संस्थाको कारोबार, सम्पति वा बैङ्क खाता रोक्का राखी सो को जानकारी कार्यपालिकालाई दिनु पर्नेछ ।

**८९. दोब्बर जरिवाना हुने:**

दफा ८७. बमोजिम जरिवाना एवं सजांय भएको व्यक्ति वा सहकारी संघ, संस्थाले पुन: सोही कसूर गरेमा त्यस्तो व्यक्ति वा सहकारी संघ, संस्थालाई दोस्रो पटकदेखि प्रत्येक पटकको लागि दोब्बर जरिवाना गर्नेछ ।

**९०. अनुसन्धानकोलागि लेखी पठाउन सक्ने:**

दर्ता गर्ने अधिकारी वा नेपाल राष्ट्र बैङ्कले यस ऐन बमोजिम आफनो काम, कर्तव्य र अधिकारको पालना गर्दा कसैले दफा ८६. बमोजिमको कसूर गरेको थाहा पाएमा त्यस्तो कसूरका सम्बन्धमा यस ऐन बमोजिम अनुसन्धान गर्नकोलागि सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ ।

**९१. मुद्दासम्वन्धी व्यवस्था:**

दफा ८७. बमोजिम सजाय हुने कसूरको मुद्दा सम्बन्धी व्यवस्था संघीय कानून बमोजिम हुनेछ ।

**९२. मुद्दा हेर्ने अधिकारी:**

१) दफा ८७. बमोजिमको सजाय हुने कसूर सम्वन्धी मुद्दाको कारवाही किनारा जिल्ला अदालतबाट हुनेछ,

२) कुनै पनि एक वा बढी सहकारीसंग सम्वन्धित भई आएका विवादहरुका सन्दर्भमा न्यायिक समितिमा उजुरी आउन सक्नेछ। न्यायिक समितिले आफनो कार्यविधि अनुसार त्यस्ता विवाद वा मुद्धाहरुको समाधानको प्रयास गर्नुपर्नेछ ।

**९३. उजूरी दिने हद म्याद:**

१) कसैले दफा ८६. बमोजिमको सजाय हुने कसूर गरेको वा गर्न लागेको थाहा पाउने व्यक्तिले थाहा पाएको मितिले नब्बे दिनभित्र



दर्ता गर्ने अधिकारी समक्ष उजूरी दिनु पर्नेछ ।

२) कसैले दफा ८७. बमोजिम जरिवाना हुने कार्य गरेको थाहा पाउने व्यक्तिले थाहा पाएको मितिले नब्बे दिन भित्र दर्ता गर्ने अधिकारी समक्ष उजुरी दिनु पर्नेछ ।

**९४. पुनरावेदन गर्न सक्ने:**

१) दफा १०. बमोजिम सहकारी संघ, संस्था दर्ता गर्न अस्वीकार गरेको वा दफा ६९.बमोजिम सहकारी संघ, संस्था दर्ता खारेज गरेकोमा चित्त नबुझ्नेले सो निर्णयको जानकारी पाएको मितिले पैंतीस दिनभित्र दर्ता गर्ने अधिकारीको निर्णय उपर गाउँपालिका न्यायिक समिति समक्ष पुनरावेदन गर्नसक्नेछ ।

२) दफा ८७. बमोजिमको जरिवानामा चित्त नबुझ्ने व्यक्तिले त्यस्तो निर्णयको जानकारी पाएको मितिले पैंतीस दिनभित्र देहाय बमोजिम पुनरावेदन गर्नसक्नेछ:

(क) दर्ता गर्ने अधिकारी, न्ययिक समिति तथा कार्यपालिकाले गरेको निर्णय उपर सम्बन्धित जिल्ला अदालतमा ।

(ख) नेपाल राष्ट्र बैङ्कले गरेको निर्णय उपर सम्बन्धित उच्च अदालतमा।

**९५. असूल उपर गरिने:**

१) यस ऐन बमोजिम कुनै व्यक्तिले तिर्नु पर्ने जरिवाना वा कुनै रकम नतिरी बाँकी रहेकोमा त्यस्तो जरिवाना वा रकम निजबाट सरकारी बाँकी सरह असूल उपर गरिनेछ ।

२) माथि उल्लेखित कसुर दण्ड जरिवाना तथा पुनरावेदन सम्बन्धी व्यवस्था संघीय कानून अनुसार हुनेछ ।

## परिच्छेद-२१
## विविध

**९६. मताधिकारको प्रयोग:**

१) कुनै सदस्यले सहकारी संघ, संस्थाको जतिसुकै शेयर खरिद गरेको भएतापनि सम्बन्धित सहकारी संघ, संस्थाको कार्य सञ्चालनमा एक सदस्य एक मतको आधारमा आफनो मताधिकारको प्रयोग गर्न पाउनेछ।

२) उपदफा १) मा जुनसुकै कुरा लेखिएको भएतापनि सहकारी संघको हकमा साधारण भाग लिने प्रयोजनकोलागि तोकिए बमोजिम एकभन्दा

वढी प्रतिनिधी पठाउन सकिनेछ र प्रतिनिधी पठाउने सम्वन्धी व्यवस्था सहकारी संघ, संस्थाको विनियम वा कार्यविधिमा तोकिए वमोजिम हुनेछ ।

३) उपदफा २) मा जुनसुकै कुरा लेखिएको भएतापनि एक सहकारी संघ, संस्थावाट सम्वन्धित संघको सञ्चालक समिति वा लेखा सुपरिवेक्षण समितिको पदहरुमध्ये एक पदमा मात्र उमेदवारी दिन पाउनेछन, एक सहकारी संघ, संस्थावाट एकभन्दा बढी व्यक्ती निर्वाचित हुन सक्ने छैन ।

**९७. सामाजिक परीक्षण गराउन सक्ने:**

१) सहकारी संघ, संस्थाले विनियममा उल्लिखित उद्देश्य प्राप्त गर्नकालागि सञ्चालक समितिबाट भएका गरेका निर्णय र कार्यहरु, सदस्यहरूले प्राप्त गरेका सेवा र सन्तुष्टीको स्तर, सेवा प्राप्तिबाट सदस्यहरूको जीवनस्तरमा आएको आर्थिक, सामाजिक, सांस्कृतिक तथा वातावरणीय पक्षमा सकारात्मक परिवर्तन लगायतका विषयमा सार्वजनिक परिक्षण तथा सामाजिक परीक्षण गराउन सक्नेछ ।

२) उपदफा १) बमोजिम भएको सार्वजनिक परीक्षणको प्रतिवेदन छलफलकोलागि सञ्चालक समितिले साधारण सभा समक्ष पेश गर्नेछ।

३) उपदफा २) बमोजिम पेश भएको सार्वजनिक परीक्षण प्रतिवेदन छलफल गरी साधारण सभाले आवश्यकता अनुसार सञ्चालक समितिलाई निर्देशन दिन सक्नेछ ।

४) यस दफा बमोजिमको सार्वजनिक परीक्षण प्रतिवेदनको एक प्रति सम्बन्धित सहकारी संघ, संस्थाले दर्ता गर्ने अधिकारी समक्ष पेश गर्नु पर्नेछ ।

**९८. सहकारी शिक्षा:**

सहकारी क्षेत्रको प्रवर्धनकोलागि विद्यालय तहको पाठ्यक्रममा आधारभूत सहकारी सम्वन्धी विषयवस्तुलाई समावेश गर्न सकिनेछ। त्यसको व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**९९. आर्थिक सहयोग गर्ने:**

सहकारी संघ, संस्थाको रकमवाट सञ्चालक समितिको निर्णय वमोजिम सदस्यहरुले आर्थिक सहयोग लिन सक्नेछन । सामाजिक कार्यकोलागि गैर



सदस्य व्यक्ति वा सहकारी संघ, संस्थाहरुलाई समेत आर्थिक सहयोग गर्न वाधा पर्ने छैन ।

**स्पष्टीकरण:**यस दफाको प्रयोजनकोलागि 'सामाजिक कार्य' भन्नाले शिक्षा, स्वास्थ्य, वातावरण संरक्षण, मानवीय सहायता, सहकारिता प्रवर्द्धन सम्बन्धी कार्यलाई जनाउँछ ।

**१००. अन्तर सहकारी कारोवार गर्न सक्ने:**

सहकारी संघ, संस्थाहरुले तोकिए बमोजिम एक आपसमा अन्तर सहकारी कारोवार गर्न सक्नेछन ।

**१०१. कर लाग्ने**

सहकारी संघ, संस्थाहरुको आयकर सम्वन्धी व्यवस्था संघीय कानून वमोजिम हुनेछ ।

**१०२. ठेक्कापट्टा दिन नहुने:**

सहकारी संघ, संस्थाले आफ्नो सञ्चालक समितिको कुनै सञ्चालक वा लेखा सुपरीवेक्षण समितिको संयोजक वा सदस्य वा आफ्नो कर्मचारीलाई ठेक्कापट्टा दिन हुदैन ।

**१०३. सरकारी बाँकी सरह असूल उपर हुने:**

कुनै सहकारी संघ, संस्थाले प्राप्त गरेको सरकारी अनुदान वा कुनै सेवा सुविधा दुरुपयोग गरेको पाइएमा प्रचलित कानून बमोजिम सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

**१०४. कम्पनि सम्वन्धी प्रचलित ऐन लागु नहुने:**

यस ऐन अन्तर्गत दर्ता भएको सहकारी संघ, संस्थाको हकमा कम्पनि सम्वन्धी प्रचलित ऐन लागु हुने छैन ।

**१०५. प्रचलित कानून बमोजिम कारवाही गर्न वाधा नपर्ने:**

यस ऐनमा लेखिएको कुनै कुराले कुनै व्यक्ति उपर प्रचलित कानून बमोजिम अदालतमा मुद्दा चलाउन बाधा पुऱ्याएको मानिने छैन ।

**१०६. सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी कानूनी व्यवस्थाको पालना गर्नुपर्ने:**

सहकारी संघ, संस्थाले सम्पत्ति शुद्धिकरण सम्बन्धी संघीय र प्रदेश कानूनमा भएका व्यवस्था र नेपाल राष्ट्र बैंकको वित्तीय जानकारी इकाईबाट जारी भएका निर्देशिकाहरूको पालना गर्नुपर्नेछ ।

**१०७. नियम बनाउने अधिकार:**

१) यस ऐनको कार्यान्वयनकोलागि कार्यपालिकाले आवश्यक नियमावली

बनाउन सक्नेछ ।

२) यस ऐनको नियमावली नवनेसम्म तोकिएका तथा तोकिए वमोजिम गर्ने व्यवस्थाहरु कार्यपालिकाले निर्णय गरे वमोजिम हुनेछ ।

**१०८. मापदण्ड, निर्देशिका वा कार्यविधि बनाई लागु गर्न सक्ने:**

१) यस ऐन र अन्तर्गत बनेको नियमावलीको अधीनमा रही सहकारी संघ, संस्थाको दर्ता, सञ्चालन, निरीक्षण, अनुगमन, नियमन लगायतका काम कारबाहीलाई व्यवस्थित र प्रभावकारी रुपमा सञ्चालन गर्न कार्यपालिकाले आवश्यकता अनुसार मापदण्ड, निर्देशिका वा कार्यविधि बनाई लागु गर्नसक्नेछ ।

२) उपदफा १) बमोजिमको मापदण्ड बनाउँदा आवश्यकता अनुसार रजिष्ट्रार, नेपाल राष्ट्र बैङ्क, मन्त्रालय र सम्बन्धित संघहरु र महासंघ लगायत अन्य निकायको परामर्श लिन सकिनेछ ।

**१०९. बाधा अडकाउ फुकाउने :**

यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कुनै बाधा अड्काउ परेमा कार्यपाालिकाले त्यस्तो बाधा अड्काउ हटाउन आदेश जारी गर्नसक्नेछ। उक्त आदेश त्यस पछी हुने गाउँ सभाले अनुमोदन गरेको हद सम्म कायम हुनेछ ।

**११०. संसोधन:**

१) यस ऐनको संसोधन वा खारेजी कार्यपालिकाको प्रस्तावमा गाउँ सभाले गर्न सक्नेछ ।

२) गाउँ सभाले यस ऐनलाई संसोधन वा खारेजी गरेमा गाउँपालिकाका राजपत्रमा प्रकाशित भएको मिति वाट लागु हुनेछ ।

**१११. खारेजी र वचाउ:**

१) तोकिए वमोजिम हुनेमा नतोकिएसम्म त्यस्ता कुराहरु कार्यपालिकाले निर्णय गरी कार्यान्वयन गर्न सक्नेछ ।

२) नेपालको संविधान संघीय, प्रदेश कानून तथा अन्य प्रचलित कानून सग यस ऐन वाझिएमा वाझिएको हद सम्म खारेज हुनेछ ।

३) यस अधिका सहकारी ऐन कानून अनुसार भए गरेका सहकारी सम्वन्धी काम कारवाही यसै ऐन अनुसार भएको मानिनेछ ।

२) गाउँ सभाले यस ऐनलाई संसोधन वा खारेजी गरेमा गाउँपालिकाका राज



## अनुसूचि १

### दर्ता दरखास्तको नमुना

मितिः २०... . ...

श्रीमान् अध्यक्षज्यू,
करैयामाई गाउँपालिका
कार्यपालिकाको कार्यालय
करैया, वारा

**विषयः सहकारी संघ/संस्थाको दर्ता आवेदन ।**

महोदय,

हामी देहायका व्यक्तिहरू देहायका कुरा खोली देहायको सहकारी संघ, संस्था दर्ता गरी पाउन निवेदन गर्दछौ । उद्देश्यअनुरूप सहकारी संघ, संस्थाले तत्काल गर्ने कार्यहरूको योजना र प्रस्तावित सहकारी संघ, संस्थाको विनियम दुई प्रति यसै साथ संलग्न राखी पेस गरेका छौं .

सहकारी संघ, संस्था सम्वन्धी विवरण

(क) प्रस्तावित सहकारी संघ, संस्थाको नामः-

(ख) ठेगानाः-

(ग) उद्देश्यः-

(घ) मुख्य कार्यः-

(ङ) कार्यक्षेत्रः-

(च) दायित्वः-

(छ) सदस्य सङ्ख्याः-

(१) महिला ........ जना

(२) पुरुष ......... जना

(ज) प्राप्त शेयर पूँजीको रकम :- ....................

(झ) प्राप्त प्रवेश शुल्कको रकम :- ....................

(ञ) तेकिएका अन्य कागजातहरु :-

## अनुसुची २

### दर्ता (नियमित) दरखास्तको नमुना

मितिः २०... ... ...

श्रीमान् अध्यक्षज्यू,
करैयामाई गाउँपालिका
कार्यपालिकाको कार्यालय
करैया, वारा

**विषयः सहकारी संघ/संस्थाको दर्ता (नियमित) आवेदन ।**

महोदय,

हामी देहायका व्यक्तिहरू देहायका कुरा खोली देहायको सहकारी संघ, संस्था दर्ता नियमित गरी पाउन निवेदन गर्दछौं । उद्देश्यअनुरूप सहकारी संघ, संस्थाले तत्काल गर्ने कार्यहरूको योजना र सहकारी संघ, संस्थाको विनियमको प्रतिलिपी दुई प्रति यसै साथ संलग्न राखी पेस गरेका छौं ।

सहकारी संघ, संस्था सम्वन्धी विवरण

(क) सहकारी संघ, संस्थाको नामः-
(ख) ठेगानाः-
(ग) उद्देश्यः-
(घ) मुख्य कार्यः-
(ङ) कार्यक्षेत्रः-
(च) दायित्वः-
(छ) सदस्य सङ्ख्याः-
(१) महिला ........ जना
(२) पुरुष ......... जना
(ज) प्राप्त शेयर पूँजीको रकम :- ....................
(झ) प्राप्त प्रवेश शुल्कको रकम :- ....................
(ञ) लेखा परिक्षण प्रतिवेदन :-



(ट) साधारण सभाको निर्णयको प्रतिलिपी :-
(ठ) लगानी विवरण :-
(ड) कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी :-
(ढ) तोकिएका अन्य कागजातहरु :-

## अनुसूचि ३

### सहकारी संघ, संस्था दर्ता प्रमाण(पत्रको नमूना

करैयामाई गाउँपालिका
कार्यपालिकाको कार्यालय
करैया, वारा

**सहकारी दर्ता प्रमाण-पत्र**

दर्ता नं. :

करैयामाई गाउँपालिका सहकारी ऐन, २०७५ को दफा ... ... बमोजिम श्री ... ... ... ... ... ... ... ... ... ... ... ... लाई सीमित दायित्व भएको ........... विषयगत/वहुउद्धेशीय प्रारम्भिक सहकारी संस्था/करैयामाई गाउँपालिका ........................ विषयगत सहकारी संघ/करैयामाई गाउँपालिका सहकारी संघ, दर्तागरी स्वीकृत विनियम सहित यो प्रमाण(पत्र प्रदान गरिएको छ ।

वर्गीकरणः ... ... ... ... ... ... ... ...
दर्ता मितिः
दस्तखतः
दर्ता गर्ने अधिकारीको नामः
दर्ता गर्ने अधिकारीको पदः

## अनुसूचि ४

### सहकारी संघ, संस्था दर्ता (नियमित) प्रमाण(पत्रको नमूना

करैयामाई गाउँपालिका
कार्यपालिकाको कार्यालय
करैया, बारा

### सहकारी दर्ता (नियमित) प्रमाण(पत्र

दर्ता नं. :

करैयामाई गाउँपालिका सहकारी ऐन, २०७५ को दफा ... ... बमोजिम श्री ... ... ... ... ... ... ... ... ... ... ... लाई सीमित दायित्व भएको विषयगत/वहुउदेशिय प्रारम्भिक सहकारी संस्थादर्ता नियमित गरी स्वीकृत विनियम सहित यो प्रमाण(पत्र प्रदान गरिएको छ।

सुरु दर्ता नं. :
सुरु दर्ता नमिति. :
वर्गीकरण: ........................ दस्तखत:
दर्ता (नियमित) गरेको मिति: ........................ दर्ता (नियमित) गर्ने अधिकारीको नाम:

प्रमाणित गर्ने
हस्ताक्षर ....................
नाम:- श्री भुनेश्वर धामी
पद:- करैयामाई गाउँपालिका अध्यक्ष
प्रमाणित मिति:- ........................
प्रमाणित कानून पाना (पेज) सख्य:( ४३ (त्रिचालिस) अनुसूचि सहित

आज्ञाले
सुनिल प्र. केशरी.
प्रमुख प्रशासकीय अधिकृत